# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयसंग सम्बन्धित सार्वजनिक विवरण



नेपाल सरकार

## अर्थ मन्त्रालय

२०६९, भाद्र

Website : www.mof.gov.np

# भूमिका

राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ को व्यवस्था भएको हो । ऐनले गरेको सो व्यवस्था बमोजिम सूचनामा नागरिकको हक स्थापना गर्न अर्थ मन्त्रालय सदा तत्पर रहेको छ । सो ऐनको दफा ५(३) ले अनिवार्यरुपमा सार्वजनिक गर्नुपर्ने भनी किटान गरेका सूचनाहरुको संग्रह गरी यो पुस्तिका प्रकाशन गरिएको छ । यो प्रकाशनले अर्थ मन्त्रालयको कार्यप्रकृति तथा सम्पादित काम कारवाहीका सम्बन्धमा सर्वसाधारणमा जानकारी प्राप्त हुने विश्वास लिएको छु ।

**कृष्णहरि बास्कोटा**

**अर्थ सचिव**

# विषय सूची


| सि.नं. | विषय | पेज नं |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २ | दृष्टिकोण | १ |
| ३ | उद्देश्य | १ |
| ४. | स्वरुप | २ |
| ५. | कर्मचारी संख्या | ३ |
| ६. | कार्य क्षेत्र | ४ |
| ७. | अर्थ मन्त्रालयले गर्ने कार्य र सेवा | ५ |
| ८. | महाशाखा र जिम्मेवार अधिकारी | ५ |
| ९. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| १०. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ११. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ७ |
| १२. | सम्पादन गरेको कामको विवरण | ७ |
| १३. | सूचना अधिकारी र प्रमुखको नाम | २६ |
| १४. | ऐन, नियम र निर्देशिकाको सूची | २६ |
| १५. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण, खर्चको फाँटवारीहरु | २७ |
| १६. | अन्य विवरण | ५९ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयसंग सम्बन्धित सार्वजनिक विवरण

### १. पृष्ठभूमि :

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ । सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व संकलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापन सम्वन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो ।

### २ दृष्टिकोण :

सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने यस मन्त्रालयको दृष्टिकोण रहेको छ ।

### ३ उद्देश्य :

सामाजिक न्यायको अवधारणा अनुरुप देशको उपलव्ध आर्थिक स्रोत र साधनलाई अधिकतम सदुपयोग गर्दै सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई स्वेदशी, निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउनु अर्थ मन्त्रालयको मूल उद्देश्य रहेको छ ।

नेपाल सरकारको दीर्घकालीन गुरुयोजना एवं आवधिक योजनाको लक्ष्य, नीति र मार्गदर्शन अनुरुप वार्षिक वजेटको माध्यमद्वारा देशको आर्थिक क्रियाकलापलाई योजनावद्ध गरी निश्चित समय तालिकामा आवद्ध गर्नु र सरकारका कार्य र कार्यक्रमहरुलाई विभिन्न इकाईहरुमा व्यवस्थित गरेर साधनको सामयिक तथा समुचित परिचालन गर्नु पनि यस मन्त्रालयको उद्देश्य रहेको छ ।

लम्बिदो राजनीतिक संक्रमणकाललाई दृष्टिगत गरी आर्थिक क्रियाकलापलाई गतिशील बनाई मुलुकको आर्थिक अवस्थामा सुधार ल्याउन लगानी मैत्री वातावरणको सृजना गर्ने, उत्पादन वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, तीनखम्बे अर्थनीतिलाई आत्मसात गर्ने जस्ता मूलभूत पक्षहरुमा जोड दिई अघि बढ्नुपर्ने अहिलेको आवश्यकता छ । अर्थतन्त्रको एकीकृत ढाँचालाई बदलिंदो परिवेश अनुकूल कुशलतापूर्वक परिवर्तन गरी अघि बढ्न गर्नुपर्ने तयारीहरु पुरा गर्नुपर्ने पनि हामी माथि अभिभारा थपिएको छ ।

४.  स्वरुप :

## अर्थ मन्त्रालयको संगठन संरचना



## ५. कर्मचारी संख्या :

| क्रम संख्या | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | - | १ |
| २ | सह सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | ८ |
| ३ | सह सचिव | रा.प.प्रथम | न्याय | कानून | १ |
| ४ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | २७ |
| ५ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ |
| ६ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | २ |
| ७ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानून | १ |
| ८ | कम्प्युटर निर्देशक | रा.प.द्वितीय | विविध | | १ |
| ९ | वरिष्ठ तथ्याङ्क अधिकृत | रा.प.द्वितीय | विविध | तथ्याङ्क | ० |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | ४५ |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | २ |
| १२ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | विविध | तथ्याङ्क | १ |
| १३ | अर्थ शास्त्री | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ० |
| १४ | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | विविध | | ३ |
| १५ | कम्प्यूटर अधिकतृत | रा.प.तृतीय | विविध | | ० |
| १६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | २ |
| १७ | नायव सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | राजस्व | ३८ |
| १८ | नायव सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | सा.प्रं | ३ |
| १९ | लेखापाल | रा.प.अ.प्रथम | प्रशासन | लेखा | ४ |
| २० | तथ्याङ्क सहायक | रा.प.अ.प्रथम (प्रा.) | विविध | | ० |
| २१ | कम्प्युटर अपरेटर | रा.प.अ.प्रथम | विविध | | ६ |
| २२ | डाटा इन्ट्री अपरेटर | रा.प.अ.प्रथम | विविध | | ४ |
| २३ | कार्टोग्राफर | रा.प.अ.प्रथम | विविध | | १ |
| २४ | लाईव्रेरियन | रा.प.अ.प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ |
| २५ | खरिदार | रा.प.अ.द्वितीय | प्रशासन | राजस्व | १४ |
| २६ | सह लेखापाल | रा.प.अ.द्वितीय | प्रशासन | लेखा | ३ |
| २७ | ईलेक्ट्रीसियन | रा.प.अ.द्वितीय | इन्जि | ईले. | १ |
| २८ | टेलिफोन अपरेटर | रा.प.अ.द्वितीय | विविध | | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | टाईपिष्ट | वेग अनुसार | प्रशासन | | ९ |
| ३० | प्लम्वर | रा.प.अ.द्वितीय | इन्जि. | मेकानिकल | १ |
| ३१ | हेडगार्ड | रा.प.अ.द्वितीय | प्रशासन | | १ |
| ३२ | अफसेट प्रेस म्यान | रा.प.अ.द्वितीय | शिक्षा | मुद्रण | १ |
| ३३ | लिथो सहायक | रा.प.अ.तृतीय | विविध | | २ |
| ३४ | सवारी चालक | विहिन | प्रा. | | १४ |
| ३५ | कार्यालय सहयोगी | विहिन | प्रशासन | | २५ |
| ३६ | माली | विहिन | प्रशासन | | ३ |
| ३७ | गार्ड | विहिन | प्रशासन | | ४ |
| ३८ | स्विपर | विहिन | प्रशासन | | २ |
| | | | | **जम्मा :-** | २३३ |

## ६. कार्य क्षेत्र :

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ ले अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्य क्षेत्रहरु निम्न बमोजिम रहेका छन् :

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रणसम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
२. आर्थिक विश्लेषण;
३. आर्थिक साधनको बाँडफाँड;
४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन;
५. नेपाल राष्ट्र बैङ्क, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगमसमेत), वित्तीय संस्था तथा वीमा;
६. आय र व्ययको विवरण (बजेट) ;
७. राजस्व नीति र योजना;
८. राजस्व प्रशासन तथा राजस्व सङ्कलन;
९. राजस्व अनुसन्धान;
१०. सामान्य मूल्य नीति;
११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय;
१२. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय;
१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता;
१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण;
१५. सार्वजनिक ऋण तथा नियन्त्रण;

१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदानलगायत आर्थिक दायित्व र सेवासुविधासम्बन्धी विषय;

१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण;

१८. विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था;

१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन;

२०. लेखा नियन्त्रण तथा व्यवस्थापन;

२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन;

२२. सार्वजनिक संस्थानको प्रशासन, नीति निर्माण र समन्वय;

२३. राजस्व र आर्थिक प्रशासन तालिम;

२४. पूँजीबजार;

२५. सार्वजनिक लगानी;

२६. महालेखापरीक्षकको कार्यालय;

२७. कर्मचारी सञ्चय कोष;

२८. नागरिक लगानी कोष;

२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड;

३०. सम्पत्ति शुद्धीकरण;

३१. युवा स्वरोजगारसम्बन्धी;

३२. अवकाश कोष;

३३. नेपाल लेखापरीक्षण सेवाको सञ्चालन ।

## ७. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवा :

(क) माथि बुंदा नं. (६) मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु ।

## ८. सचिवालय, महाशाखा र जिम्मेवार अधिकारी :

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | श्री वर्षमान पुन | ४२११३९० |
| २. | प्रमुख आर्थिक सल्लाहकार | श्री श्रीराम पौडेल | ४२११८५४ |
| ३. | अर्थ सचिव | श्री कृष्णहरि बास्कोटा | ४२११३३२ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री लोकदर्शन रेग्मी | ४२११४०१ |
| ५ | वैदेशिक सहायता समन्वय महाशाखा | सहसचिव श्री लालशंकर घिमिरे | ४२११३७१ |
| ६. | राजस्व महाशाखा | सहसचिव श्री शान्तराज सुवेदी | ४२११३१५ |
| ७. | आर्थिक कार्य विषयक तथा नीति | सहसचिव श्री बैकुण्ठ अर्याल | ४२११३२६ |

| | | | |
|---|---|---|---|
| | विश्लेषण महाशाखा | | |
| ८. | संस्थान समन्वय महाशाखा | सहसचिव श्री खुमराज पूँजाली | ४२११३७७ |
| ९. | कानून महाशाखा | सहसचिव श्री राजीव गौतम | ४२११८१३ |
| १०. | राजस्व परामर्श समिति | सहसचिव श्री ……….. | ४२११३०६ |
| ११ | अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री राजन खनाल | ४२११७७० |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री शिशिरकुमार ढुङ्गाना | ४२११३०० |

## ९. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

### (क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम, र

२. अन्य विशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### (ख) सेवा प्राप्त गर्न लाग्ने अवधि

१. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, र

२. अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम ।

## १०. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

### (क) निर्णय प्रक्रिया सम्बन्धमा :

१. मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा :

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा :

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

### (ख) निर्णय गर्ने अधिकारी सम्बन्धमा :

१. मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमा :

- मन्त्रिपरिषद्मा प्रस्ताव पठाएर
- माननीय अर्थमन्त्री स्तरबाट
- अर्थ सचिव स्तरबाट
  - ➢ माननीय अर्थमन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम

- ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- ➢ अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।

- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा

- अर्थ सचिवले ।

**११. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

(क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमा :–

- प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमा :–

- राष्ट्रिय सूचना आयोग

**१२. सम्पादन गरेको कामको विवरण :**

(क) अर्थ मन्त्रालयले आर्थिक वर्ष २०६८।६९ मा सम्पादन गरेका मुख्य मुख्य उपलब्धी एवं कार्यहरु :

१. आर्थिक वर्ष २०६८।६९ मा कूल रु. २ खर्व ४१ अर्व ७७ करोड ४२ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रु. २ खर्व ४४ अर्व १४ करोड ८७ लाख असुली भएको छ । यो लक्ष्यको करिव १०१ प्रतिशत प्रगति हो र गत वर्षको असूली भन्दा २२.२ प्रतिशतले बढी हो । राजनीतिक अस्थिरता, लगानीको वातावरणमा देखिएको समस्या तथा लम्बिदो संक्रमणकालको अवस्थामा समेत राजस्व परिचालनमा देखिएको यो प्रगति अत्यन्त उत्साहजनक हो ।

२. वैदेशिक सहायताको प्रतिवद्धता आर्थिक वर्ष २०६६।६७ मा करिव रु.९६ अर्व, आर्थिक वर्ष २०६७।६८ मा रु. १०६ अर्व र आर्थिक वर्ष २०६८।६९ मा रु. १०८ अर्व प्राप्त भएको छ । यस मन्त्रालयको अथक प्रयासको परिणाम स्वरुप वैदेशिक सहायताको प्रतिवद्धता निरन्तर बढ्दो क्रममा रहेको छ । यसले एकातर्फ स्रोत परिचालनमा ठूलो सघाउ पुऱ्याउने छ भने अर्को तर्फ दाताहरुसंगको हाम्रो सम्बन्ध सुमधुर रहेको छ भन्ने प्रष्ट्याउँदछ । वैदेशिक सहायतामा नगद अनुदान सहायता परिचालन तर्फ ९६ प्रतिशत भन्दा बढी प्रगति भएको छ, जुन उत्साहजनक हो । वैदेशिक ऋण तर्फ भने लक्ष्यको १० प्रतिशत मात्र प्रगति भएको छ । वैदेशिक ऋणमा संचालित कतिपय आयोजनाहरुको कार्यमा अपेक्षित प्रगति नभएको र पूँजीगत खर्चमा केही कमी आएकोले प्रतिवद्धता अनुरुप वैदेशिक ऋण

परिचालन नभएको हो । आयोजनाहरुको कार्य प्रगतिमा गतिशीलता आउना साथ प्रतिवद्धता अनुरुपको सबै वैदेशिक ऋण प्राप्त हुनेछ ।

**आर्थिक वर्ष २०६८।६९ मा अर्थतन्त्रका प्रमुख उपलब्धिहरु**

| क्र.स. | मुख्य क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | २०६९ असार महिनाको प्रतिवेदन⁄ परिमाण | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०६९ जेष्ठ सम्म | २०६९ असार | २०६९ असार सम्म | |
| १ | राजस्व सकलन+ | रु करोडमा | २४,१७७.४२ | २१,०९६.०७ | ३,३१८.८० | २४,४१४.८७ | १००.९८ |
| २ | वैदेशिक सहायता परिचालन (प्राप्ति) | रु करोडमा | ६,०१०.६२ | ४,३७९.८४ | ३९६.५१ | ४,७७६.३५ | ७९.४७ |
| | क) अनुदान सहायता | रु करोडमा | ४,८४९.६५ | ३,९५४.१० | ७०३.१० | ४,६५७.२० | ९६.०३ |
| | ख) ऋण सहायता | रु करोडमा | १,१६०.९७ | ४२५.७४ | - ३०६.५९ | * ११९.१५ | १०.२६ |
| ३ | विभिन्न मन्त्रालय तथा निकायवाट गरिएको निकासा | रु करोडमा | ३४,५२१.९२ | २६,६९६.४१ | ५,१३५.४८ | ३१,८३१.८९ | ९२.२१ |
| | क) चालु | रु करोडमा | २५,४४८.६९ | २०,३८५.७५ | ३,१६३.५० | २३,५४९.२५ | ९२.५४ |
| | ख) पूंजिगत | रु करोडमा | ५,८२२.८८ | ३,१७५.८६ | १,२०३.९५ | ४,३७९.८१ | ७५.२२ |
| | ग)वित्तीय व्यवस्था | रु करोडमा | ३,२५०.३५ | ३,१३४.८० | ७६८.०३ | ३,९०२.८३ | १२०.०७ |
| ४ | विभिन्न मन्त्रालय तथा निकायवाट गरिएको खर्च | रु करोडमा | ३४,५२१.९२ | २४,५८०.७३ | ६,०११.६३ | ३०,५९२.३६ | ८८.६२ |
| | क) चालु | रु करोडमा | २५,४४८.६९ | १८,८५९.४७ | ४,३१९.१६ | २३,१७८.६३ | ९१.०८ |
| | ख) पूंजिगत | रु करोडमा | ५,८२२.८८ | २,८११.५८ | १,२७१.१० | ४,०८२.६८ | ७०.११ |
| | ग)वित्तीय व्यवस्था | रु करोडमा | ३,२५०.३५ | २,९०९.६८ | ४२१.३७ | ३,३३१.०५ | १०२.४८ |
| ५ | मौद्रिक तरलता | रु अर्वमा | २०.०० | ४६.०० | ५२.०० | ५२.०० | २६०.०० |
| ६ | विदेशी मुद्रा संचिती | आयात धान्न सक्ने महिना (बस्तु तथा सेवा) | ८.०० | ९.३० | १०.१० | १०.१० | १२६.२५ |
| ७ | सोधनान्तर स्थिति | रु करोडमा | २,०००.०० | ९,१३७.०० | १०,०१०.०० | ११३,२२.०० | ५६६.१० |
| ८ | ब्याज दर (निक्षेप र कर्जा) | प्रतिशत | १० र १४ | ८ र १३ | ८ र १३ | ८ र १३ | १००.०० |
| ९ | मुल्य बृद्धि म-द्रा स्फिती) | प्रतिशत | ७.०० | ७.५० | ८.०० | ८.०० | ९०.०० |
| १० | नेप्से अंक | अंक | ३५०.०० | ३६४.६७ | ३९०.०० | ३९०.०० | १११.४३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | कर परीक्षण संख्या | वटा | ३,०४०.०० | २,१३८.०० | १,२७९.०० | ३,४१७.०० | ११२.४० |
| १२ | कर परीक्षणबाट कर निर्धारण रकम | रुहजारमा= | ९,३५२,१०० | ५९३९१५१ | २१७६४७७ | ८११५६२८ | ८६.७८ |
| १३ | कर अनुसन्धान संख्या | वटा | १,१७५.०० | ४६४.०० | ७५९.०० | १,२२३.०० | १०४.०९ |
| १४ | कर अनुसन्धानबाट कर निर्धारण रकम | रु.हजारमा | ७३६,४०० | ३९५७९२८ | २३८५०१७ | ६३४२९४५ | ८६१.३५ |
| १५ | PCA संख्या | वटा | २८०.०० | २५४.०० | ३६.०० | २९०.०० | १०३.५७ |
| १६ | PCA बाट निर्धारण भएको रकम | रु.हजारमा | २०,६००.०० | १६,२००.०० | ४,६००.०० | २०,८००.०० | १००.९७ |
| १७ | PANदर्ता संख्या | वटा | ४५,८००.०० | ५६,७९०.०० | १८,५१७.०० | ७५,३०७.०० | १६४.४३ |
| १८ | VAT दर्ता संख्या | वटा | ६,३५०.०० | १२,६९६.०० | ३,१९०.०० | १५,८८६.०० | २५०.१७ |
| २० | वेरुजु संपरीक्षण | प्रतिशत | कम्तिमा ६०% | ३८.८६ | १२.७१ | ५१.५७ | ८५.९५ |
| २१ | गुनासो सम्वोधन (प्रतिक्रियामा रहेका) | प्रतिशत | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| | | | | | | | |
| **नोट - वैदेशिक सहायता र निकासा तथा खर्च तर्फ गैर नगद समावेस नभएको ।** | | | | | | | |
| **माथि उल्लेख गरिएका सूचकहरुको व्याख्या यसै साथ संलग्न गरिएको छ ।** *** अपरिस्कृत तथ्याङ्क** | | | | | | | |

३. विभिन्न मन्त्रालय तथा निकायका लागि वार्षिक नगद तर्फ रु. ३ खर्व ४५ अर्व २१ करोड ९२ लाख निकासा गर्ने लक्ष्य रहेकोमा रु.३ खर्व १८ अर्व ३१ करोड ८९ लाख निकासा हुन सकेको छ । यो लक्ष्यको ९२.२० प्रतिशत छ । मन्त्रालय/सचिवालय/ आयोग/ कार्यालयहरुबाट माग भए पछि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तत्कालै निकासा दिने गरिन्छ । सो व्यवस्था बमोजिम माग भएका रकमहरुको शत्प्रतिशत निकासा भएको साथै, निकासा भएका रकमबाट हुने प्रतिवद्ध खर्चहरुको शत्प्रतिशत भूक्तानी भएको छ ।

४. आर्थिक वर्ष २०६८।६९ मा नगदतर्फ वार्षिक कूल रु. ३ खर्व ४५ अर्व २१ करोड ९२ लाख खर्च गर्ने लक्ष्य राखिएकोमा चालु खर्च तर्फ मितव्ययिता अपनाइएको र वन्द हडताल, पेट्रोलियम पदार्थमा देखिएको अभाव र जग्गा प्राप्तिमा देखिएका समस्या जस्ता केही प्राविधिक कारणले पूँजीगत खर्चमा कमी आएको कारणले रु. ३ खर्व ५ अर्व ९२ करोड ३६ लाख खर्च हुन सकेको छ । जुन लक्ष्यको करिव ८९ प्रतिशत हुन आउँछ । ५२ जिल्लाबाट मात्र Online Report प्राप्त हुने र बाँकी २३ जिल्लाबाट भएको निकासा तथा खर्चको पूर्ण विवरण प्राप्त हुन वाँकी छ । साथै, असारको अन्त्यमा जारी गरिएका चेकको भूक्तानी साउन महिनासम्म हुने भएकोले सबै चेक भूक्तानी हुँदा खर्च बढ्ने नै देखिन्छ ।

सबै निकासा र खर्चको विवरणको अन्तिम प्रतिवेदन प्राप्त हुँदा निकासा र खर्च लक्ष्यको ९६ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

५. यस मन्त्रालयले स्रोत अभाव हुन नदिई नियमानुसार माग भएका रकमको निकासा दिएको र प्रतिवद्ध खर्चहरु शत्प्रतिशत भूक्तानी दिएकोले निकासा र खर्च तर्फ शत्प्रतिशत प्रगति भएको देखिन्छ ।

६. २०६९ असार महिनाको अन्तिम दिन सबै ३२ वटा वाणिज्य बैंकहरुमा रु. ५२ अर्ब वरावरको तरलता रहेको छ । वजारको वर्तमान अवस्थामा यो तरलता अधिक नै रहेको भएता पनि लगानीको वातावरणमा आउने सुधारले यसमा पनि सुधार हुन जान्छ ।

७. कुल विदेशी मुद्रा संचितिले ८ महिनाको वस्तु र सेवा आयात धान्न सक्ने लक्ष्य राखिएकोमा हालको संचितिले १०.१ महिनाको वस्तु र सेवा आयात तथा ११.४ महिनाको वस्तुको आयात धान्न पर्याप्त हुने देखिएको छ । विप्रेषण आयको उच्च वृद्धिदर तथा वैदेशिक सहायताको सोधभर्ना रकममा वृद्धि भएकोले विदेशी मुद्रा संचितिमा अनुकूल प्रभाव पारेको देखिन्छ । आर्थिक वर्ष २०६७।६८ को अन्तमा रहेको विदेशी मुद्रा संचितिले मात्र ७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्थिति थियो ।

८. चालु आर्थिक वर्षमा अर्थ मन्त्रालयले मुलुकको शोधनान्तर स्थिति रु. २० अर्वले धनात्मक रहने लक्ष्य राखेकोमा यसमा उल्लेख्य वृद्धि भई रु. १ खर्व १३ अर्व २२ करोड पुगेको छ । यो अहिलेसम्म कै उच्च विन्दु हो । यस वर्ष शोधनान्तर स्थितिलाई उच्च विन्दुमा पुऱ्याउन विप्रेषण आप्रवाहमा भएको वृद्धि तथा सेवा खातामा भएको वृद्धिले मूख्य भूमिका

१. आर्थिक वर्ष २०६८।६९ को कुल गार्हस्थ्य उत्पादन वृद्धिदरको लक्ष्य आधारभूत मूल्यमा ५ प्रतिशत पुग्ने अनुमान गरिएकोमा ४.६ प्रतिशत मात्र रहेको प्रारम्भिक अनुमान छ ।

२. औषत बार्षिक मूल्यबृद्धिदर ७ प्रतिशत रहने अनुमान गरिएको भएतापनि यसको बृद्धिदर ८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ९.६ प्रतिशत रहेको थियो ।

३. बैंक तथा वित्तीय संस्थाहरुको कूल निक्षेप १८.२ प्रतिशतले बृद्धि भएकोछ । बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १४.१ प्रतिशतले बढेको छ ।

४. २०६९ असार मसान्तसम्म विदेशी विनिमय संचिति गत वर्षको रु. २७२ अर्व १५करोडको तुलनामा १५६.९ प्रतिशतले बृद्धि भई रु. ४२७ अर्व १ करोड पुगेको छ । विदेशी विनिमय संचितिको विद्यमानस्तरबाट करिब ११.४ महिनाको बस्तुहरु र करिब १०.१ महिनाको बस्तु तथा सेवा आयात धान्न सकिने अवस्था रहेकोछ ।

५. आर्थिक वर्ष २०६७।६८ मा रु. २ अर्व ९७ करोडको शोधनान्तर वचत रहेकोमा पछिल्ला महिनामा वित्तीय खाताहरुमा उल्लेखनीय सुधार भई आर्थिक वर्षको अन्त्यसम्म करिब ११३ अर्व २२ करोड शोधनान्तर बचत रहेको प्रारम्भिक अनुमान छ ।

६. आर्थिक वर्ष २०६८।६९ मा कूल राजस्व २ खर्व ४१ अर्व ७७ करोड ४२ लाख असूल गर्ने लक्ष्य रहेकोमा रु. २ खर्व ४४ अर्व १४ करोड ८७ लाख असूल भई लक्ष्यको १००.९८ प्रतिशत प्रगति भएको छ । यो गत वर्षको असूली भन्दा २२.२ प्रतिशत बढी हो ।

७. आर्थिक वर्ष २०६८।६९ को ११ महिनामा कूल निर्यात १६.३ प्रतिशतले र कूल आयात १६.८ प्रतिशतले वृद्धि भएको छ भने विप्रेषण आयमा ३९.६ प्रतिशतले वृद्धि भई ३ खर्व २० अर्व २८ करोड पुगेको छ ।

खेलेको छ । गत आर्थिक वर्ष २०६७।६८ को अन्त्यमा शोधनान्तर स्थिति रु. २ अर्व ९७ करोड मात्र धनात्मक रहेको थियो ।

९. वाणिज्य बैंकहरुको निक्षेप र कर्जा तर्फको औषत व्याजदर क्रमश: १० र १४ प्रतिशत रहने अनुमान गरिएकोमा वजारमा देखिएको तरलताले गर्दा निक्षेपको व्याजदरमा केही कमी आएको छ । हालको यस्तो व्याजदर क्रमशः ८ र १३ प्रतिशत रहेको छ । कर्जा तर्फको व्याजदर घटाउन र तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्न पहल गरिएकाले यसमा सुधार हुने अपेक्षा गर्न सकिन्छ । वर्तमान अवस्थालाई हेर्दा स्थिति अनुकूल देखिन्छ । कृषि र उर्जा क्षेत्रमा जाने कर्जाको व्याज दरमा भने कमी आएको छ ।

१०. मुद्रास्फितिलाई ७ प्रतिशतमा राख्ने लक्ष्य लिइएकोमा हाल यो ८ प्रतिशतमा रहन पुगेको छ । जुन लक्ष्यको नजिक रहेको छ । चालु आर्थिक वर्षमा लक्ष्य भन्दा केही बढी मुद्रास्फिति दर देखिएता पनि यो दर अघिल्लो आर्थिक वर्षको ९.६ प्रतिशत भन्दा उल्लेख्य रुपमा कमी आउनु सन्तोषको विषय हो । पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि, डलरको तुलनामा नेपाली रुपैयाँ कमजोर रहनु मुद्रास्फिति बढाउने कारकका रुपमा रहेका छन् । मुद्रास्फिति दरलाई थप वढ्न नदिन आगामी दिनमा बजार अनुगमनलाई चुस्त बनाउनु पर्ने र प्रशासनिक कडाई समेत गर्नुपर्ने देखिन्छ ।

११. नेप्से परिसूचक यस आर्थिक वर्ष ३५० अंकमा राख्ने लक्ष्य रहेकोमा २०६९ असार महिनाको अन्त्यसम्ममा ३९० पुगेको छ । नियमन तथा कार्यान्वयन गर्ने निकायलाई दिइएको ९ बुँदे निर्देशनले लगानीकर्तालाई लगानी गर्न उत्प्रेरित गर्न सकारात्मक वातावरण बन्दै गएको छ । यसका साथै केन्द्रीय निक्षेप प्रणाली (CDS) लागू भएका कारणले पनि यसमा वृद्धि हुने दखिन्छ ।

१२. आर्थिक वर्ष २०६८।६९ मा राजस्व चुहावट नियन्त्रण गरी कर परिचालन बढाउन कर अनुसन्धान सम्बन्धी कार्यलाई तिव्रता दिइएको थियो । यसबाट उत्साहजनक प्रगति हासिल भएको छ । कर अनुसन्धानमा जोड दिइएको कारणबाट कर परीक्षणबाट निर्धारित रकम लक्ष्यको तुलनामा केही कमी देखिएता पनि कर अनुसन्धान र कर परीक्षणबाट निर्धारण गरिएको कूल रकममा लक्ष्यको तुलनामा १४३ प्रतिशत प्रगति हाँसिल भएको छ।

| सि.नं. | क्रियाकलाप | लक्ष्य रु. हजारमा आर्थिक वर्ष ०६८।६९ | प्रगति रु. हजारमा आर्थिक वर्ष ०६८।६९ | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| **१** | कर परीक्षण रकम | ९३५२१०० | ८११५६२८ | **८६.७८** |
| २ | कर अनुसन्धान रकम | ७३६४०० | ६३४२९४५ | **८६१.३४** |
| | **जम्मा** | **१००८८५००** | **१४४५८५७३** | **१४३.००** |

१३. आर्थिक वर्ष २०६८।६९ मा कर परीक्षण संख्या र कर अनुसन्धान संख्या ३०४० र ११७५ वटा गर्ने लक्ष्य राखिएकोमा क्रमशः ३४१७ र १२२३ वटाको परीक्षण एवं अनुसन्धान सम्पन्न भई लक्ष्यको तुलनामा क्रमशः ११२ प्रतिशत र १०४ प्रतिशत प्रगति हाँसिल भएको छ जुन ठूलो उपलब्धी हो । यसबाट राजस्व चुहावट नियन्त्रण र कर परिपालनाको स्तर बृद्धिमा ठूलो सहयोग पुगेको छ ।

१४. स्थायी लेखा नम्बर वितरण कार्यमा वार्षिक लक्ष्यको १६४ प्रतिशत प्रगति भइसकेको छ । आर्थिक वर्ष २०६८।६९ मा ४५८०० स्थायी लेखा नम्बर प्रदान गर्ने लक्ष्य रहेकोमा ७५३०७ लाई स्थायी लेखा नम्बर प्रदान गरिएको छ । यसले कर परिपालना र जनचेतनामा वृद्धि भएकोलाई पनि इंगित गर्दछ ।

१५. मूल्य अभिवृद्धि करमा दर्ता हुने संख्यामा वार्षिक लक्ष्यको २५० प्रतिशत प्रगति हाँसिल हुन सकेको छ । सो आर्थिक वर्ष मा ६३५० थप दर्ता गर्ने लक्ष्य लिइएकोमा १५८८६ लाई मू.अ.करमा दर्ता गराइएको छ । मू.अ.कर दर्तामा उत्साहजनक प्रगति भएको छ । यसबाट आगामी वर्षमा मू.अ.कर असूली समेत उच्च रहने कुराको संकेत गर्दछ ।

१६. जाँचपास पछिको परीक्षण (Post Clearance Audit - PCA) संख्या र सोबाट निर्धारित रकममा पनि राम्रो प्रगति हाँसिल भएको छ । संख्यात्मक रुपमा लक्ष्यको १०४ प्रतिशत प्रगति भएको छ भने निर्धारित रकममा १०१ प्रतिशत प्रगति हासिल भएको छ ।

१७. वेरुजु फछ्र्यौट, मूल्यांकन र अनुगमन  समितिले अन्तर्गत विभाग तथा कार्यालयहरुमा भएका मन्त्रालयहरुले कुल वेरुजुको ४५ देखि ७० प्रतिशत फछ्र्यौट भएमा उत्कृष्ट मानी वेरुजु फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीलाई रु. ५०००।– पुरस्कार दिने समेत व्यवस्था गरेको छ । मन्त्रालयले वेरुजु रकम कम गर्ने महत्वाकांक्षी ६० प्रतिशतको लक्ष्य राखेकोमा ५१.५७ प्रतिशत प्रगति हुन सकेको छ । उक्त समितिको मापदण्ड अनुसार मन्त्रालय वेरुजु फछ्र्यौट गर्ने उत्कृष्ट मन्त्रालयको वर्गमा परेको छ ।

१८. हेलो सरकार मार्फत प्राप्त हुने जनगुनासोलाई व्यवस्थापन गर्ने कार्यमा शत् प्रतिशत प्रगति भएको छ । यसरी प्राप्त हुने गुनासोलाई विभाग र मन्त्रालयबाट Online जवाफ दिन सक्ने बनाइएको छ ।

१९. गत आर्थिक वर्ष २०६७।६८ को अन्तिम दिन स्थापना भई यो आर्थिक वर्ष २०६८।६९ मा कार्य प्रारम्भ गरेको संपत्ति शुद्धीकरण अनुसन्धान विभागमा  १८२ मुद्दा दर्ता भएका छन् । ती मध्ये ८ वटा मुद्दा दायर भएकोमा ३ वटाको फैसला सरकारको पक्षमा भई बाँकी ५ वटा विशेष अदालतमा विचाराधीन छन् । यो विभागको कार्यकुशलताबाट आर्थिक अपराध कम हुनुका साथै सम्पत्ति शुद्धीकरण निवारणमा महत्वपूर्ण सफलता हाँसिल हुन सकेको छ ।

२०. राजस्व अनुसन्धान विभागबाट राजस्व चुहावट र विदेशी विनिमय अपचलन सम्बन्धमा छानविन गरी विभिन्न जिल्ला अदालतमा करिव रु. ८ अर्व ६ करोडको मागदावी गरी मुद्दा दायर गरिएको छ । यसबाट पनि आर्थिक अपराध र राजस्व चुहावट कम भई करको परिपालनामा सहयोग पुग्ने देखिन्छ ।

२१. सार्वजनिक संस्थान तर्फको कूल सञ्चालन आयमा आर्थिक वर्ष २०६६।६७ को तुलनामा आर्थिक वर्ष २०६७।६८ मा १५.९३ प्रतिशत वृद्धि भएको देखिनुले सार्वजनिक संस्थानको कार्य कुशलतामा वृद्धि भएको देखिन्छ । हाल संचालनमा रहेका ३७ वटा सार्वजनिक संस्थानहरु मध्ये २१ वटा खुद नाफामा रहेका छन् । सार्वजनिक संस्थानको सुधारको लागि सार्वजनिक संस्थान निर्देशन वोर्ड गठन भई कार्यारम्भ गरिसकेको छ । यसको प्रभावकारी व्यवस्थापनले भविष्यमा सार्वजनिक संस्थानहरुको कार्य कुशलता र सक्षमतामा वृद्धि हुने अपेक्षा छ ।

२२. आर्थिक वर्ष २०६७।६८ मा कुल गार्हस्थ उत्पादन वृद्धि ३.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६८।६९ मा ४.६ प्रतिशत रहने अनुमान छ । यसले देशको अर्थतन्त्र सुधारोन्मुख रहेको देखाउँदछ ।

२३. ठूला परियोजनामा लगानीको सुनिश्चितता गर्न लगानी वोर्डको स्थापना भएको छ । यसबाट लगानीको वातावरण बन्ने र रोजगारी बृद्धि हुने भई समग्र आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

२४. बैंक तथा वित्तीय संस्थाहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, सक्षम बनाउन र सर्वसाधारणको विश्वसनियता कायम गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई एक आपसमा गाभ्ने/गाभिने सम्वन्धी व्यवस्थालाई सरलीकरण गरी अघि बढाइएको छ । यसलाई व्यवस्थित गर्न **"बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८"** लागू गरिएको छ । हालसम्म २३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक अर्कामा गाभिइसकेका र थप बैंक तथा वित्तीय संस्थाहरु गाभिने क्रममा रहेका छन् ।

२५. फ्रिडम फोरमका श्री तारानाथ दाहालले झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि कर विजकबाट कर छली सम्बन्धमा अध्ययन तथा छानविन प्रतिवेदन, २०६७ को अनुसूची १, ४ र ७ सहितको प्रतिवेदन उपलब्ध गराउन लिखित रुपमा माग गर्नु भएकोमा सो माग बमोजिम प्रतिवेदनको प्रतिलिपि सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३१ समेतका आधारमा मिति २०६८।७।१३ मा उपलब्ध गराइयो ।

**(ख) अन्य उपलीव्धहरु :**

१. माननीय अर्थमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधि मण्डलले विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको सन् २०११ को वार्षिक वैठकमा भाग लिएको छ । यसबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको आर्थिक सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान पुगेको छ ।

२. चालु आर्थिक वर्षको असार मसान्तमा नगद प्रवाह स्थिति ३१ अर्व ७७ करोड धनात्मक रहेको छ । गत वर्ष यसै अवधिमा रु.१२ अर्व ८९ करोड ऋणात्मक थियो ।

३. ठूला परियोजना र राष्ट्रिय गौरवका आयोजना निर्माणमा जोड दिन त्यस्ता पूर्वाधारका लागि रकम अभाव हुन नदिने व्यवस्था मिलाइएको थियो ।

४. अनुत्पादक र फजुल खर्चलाई नियन्त्रण गरी सरकारी खर्चमा मितव्ययिता कायम गर्न सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ स्वीकृत भई लागू गरिएको थियो ।

५. गत वर्ष थालनी गरिएको नक्कली तथा झुठ्ठा मूल्य अभिवृद्धि कर वीजक प्रयोग सम्बन्धी ५१८ संकास्पद करदाताको कारोवार छानविन सम्पन्न भएको छ । जसवाट रु.६ अर्व ५९ करोड ५७ लाख रकम कर निर्धारण भएको छ ।

६. आयकरको डे.१ विवरण बुझाउने करदाताहरुको कारोवार भिडाउँदा खरिद र विक्रीको कारोवार नभिडेका शंकास्पद करदाताहरुको पहिचान गरी आन्तरिक राजस्व विभाग मार्फत छानविन अगाडि बढाइएको छ । यसबाट करको परिपालनामा महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

७. घरबहाल कर निर्देशिका जारी गरिएको छ । घरबहाल करको अनुगमन अभियानको रुपमा सञ्चालन गरिएको थियो । सो अभियानको क्रममा ९६३१ घरधनीको सर्भेक्षण गरिएको छ । यसबाट घरबहाल कर रकम उल्लेख्य रुपमा वृद्धि भएको छ । गत आर्थिक वर्षको असूलीको तुलनामा १३३ प्रतिशत प्रगति भएको छ ।

८. नेपाल भारत वीच दोहोरो करमुक्तिको परिमार्जित सम्झौता (DTAA) सम्पन्न गरिएको छ । यसबाट नेपालमा भारतीय लागनी उल्लेख्य रुपमा बढ्ने अपेक्षा गरिएको छ । वंगलादेशसंग दोहोरा कर मुक्ति सम्झौता गर्ने कार्य अन्तिम चरणमा पुगेको साथै भूटान, संयुक्तराज्य अमेरिका, रसिया, जापान, वेलायत र अष्ट्रेलियासंग DTAA गर्ने गृहकार्य भइरहेको छ ।

## नेपाल सरकारले दोहारो कर मुक्ति सम्झौता गरेका देशहरु

| सि.नं | सम्झौता गरेको देशहरु | सम्झौता विषय |
|---|---|---|
| १ | भारत | आयको सम्बन्धमा ( In respect of Income) |
| २ | नर्वे | आय तथा पूँजीको सम्बन्धमा ( In respect of Income and/or Capital) |
| ३ | थाइल्याण्ड | आयको सम्बन्धमा ( In respect of Income) |
| ४ | श्रीलंका | आयको सम्बन्धमा ( In respect of Income) |
| ५ | मौरिसस | आयको सम्बन्धमा ( In respect of Income) |
| ६ | अष्ट्रिया | आयको सम्बन्धमा ( In respect of Income) |
| ७ | पाकिस्तान | आयको सम्बन्धमा ( In respect of Income) |
| ८ | चीन | आयको सम्बन्धमा ( In respect of Income) |
| ९ | दक्षिण कोरिया | आयको सम्बन्धमा ( In respect of Income) |
| १० | कतार | आयको सम्बन्धमा ( In respect of Income) |

९. चीन सरकारसंग ओलाङचुङगोला, तातोपानी र रसुवागढीमा अन्तर्राष्ट्रियस्तरको सुख्खावन्दरगाह र द्विपक्षीय व्यापारको लागि अन्तर्राष्ट्रियस्तरको भन्सार पोर्टको विकास र विस्तारको लागि सम्झौता भएको छ । यसबाट चीन सरकारसंगको हाम्रो आर्थिक सम्बन्ध अझ विस्तार हुने देखिन्छ ।

१०. भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउन र न्यून विजकीकरणाई निरुत्साहित गर्न भन्सार तर्फ मालवस्तुको अधिकतम खुद्रा मूल्य (MRP) घोषणा गर्ने सम्बन्धी निर्देशिका तर्जुमा गरी ११ वटा विभिन्न मालवस्तुको आयात गर्दा भन्सार विन्दुमा मालवस्तुको MRP घोषणा गर्ने व्यवस्था लागू गरिएको ।

११. करदातालाई कर बुझाउनको लागि कुनै पनि बैंकको शाखामा बुझाउन पाउने व्यवस्था (Any Branch Banking System) लागू गरिएको छ । यसबाट करदाताहरुले आफ्नो पायक पर्ने स्थानबाटै कर बुझाउन सक्ने भई व्यापारमा सहजीकरण हुने, कर तिर्न लाग्ने समय कम हुने र व्यापार लागत (Doing Business cost) समेत कम हुन जाने छ ।

१२. राजस्व अनुसन्धान विभागबाट गरिने राजमार्ग, सीमा र वजार अनुगमनलाई प्रभावकारी बनाइएको छ । अनुगमनलाई थप प्रभावकारी बनाउन विद्युतीय यातायात अनुगमन गर्ने प्रणाली (Online Vehical Tracking Monitoring Software) तयार गरिएको छ ।

१३. विदेशी विनियमय अपचलन एवं नक्कली प्रज्ञापन बनाई भारतीय मुद्रा अपचलन गरेको सम्बन्धी ४३ वटा मुद्दाको अनुसन्धान पूरा गरी मुद्दा दायर गरिएको छ ।

१४. मन्त्रालय र अन्तर्गत निकायबाट नियमितरुपमा आय व्यय विवरण सार्वजनिक गर्ने गरिएको छ ।

१५. मूल्य अभिवृद्धि कर विवरण, आय विवरण, कर दर्ता सम्बन्धी कार्य विद्युतीय माध्यमबाट प्राप्त भइरहेको छ । कर विवरण तर्फ ९० प्रतिशत भन्दा बढी विवरण विद्युतीय माध्यमबाट प्राप्त हुने गरेको छ । यसबाट प्रक्रिया सरलीकरण भई करदताको Doing Business cost घटन् गएको छ ।

१६. एकीकृत वजार अनुगमन कार्यक्रम अन्तर्गत ६१५७ करदाताको अनुगमन भई ८१२ करदातालाई रु. ५५,९६,०००।०० जरिवाना गरिएको ।

१७. यो आर्थिक वर्षमा थप ७५३०७ व्यक्ति वा निकायलाई आयकरमा र १५८८६ करदातालाई मूल्य अभिवृद्धि करमा दर्ता गरिएको छ । यसबाट करको दायरामा विस्तार भएको छ । हालसम्म आयकर तर्फ ५३९०९८, मूल्य अभिवृद्धि कर तर्फ ११३६२७ र व्यक्तिगत आयकर तर्फ २७१६०६ करदाता दर्ता भइसकेका छन् भने अन्तःशुल्क तर्फ करिव ३१४०६ करदाताले मदिरा तथा सूर्तिजन्य बस्तुको विक्री वितरण, उत्पादन एवं आयात गर्ने अनुमति पत्रको नवीकरण गरेका छन् ।

**करदाताको विवरण**

| सि.नं | विवरण | आर्थिक वर्ष ०६७।६८ सम्म | आर्थिक वर्ष ०६८।६९ मा थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| १. | आयकर तर्फ | ४६३७९१ | ७५३०७ | ५३९०९८ |
| २. | मूल्य अभिवृद्धि कर तर्फ | ९७७४१ | १५८८६ | ११३६२७ |
| ३. | व्यक्तिगत आयकर तर्फ | २२७८२५ | ४३७८१ | २७१६०६ |
| | **जम्माः-** | **७८९३५७** | **१३४९७४** | **९२४३३१** |

१८. काठमाडौं उपत्यका भित्र १३ र उपत्यका वाहिर १० स्थानमा करदाता सेवा कार्यालय स्थापना भई कार्य प्रारम्भ भएको र थप ५ वटा सेवा कार्यालय स्थापना गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ । सेवा कार्यालयको स्थापनाले करदाताको नजिक सेवा पुग्न सकेकोले Doing Businges cost घट्ने विश्वास लिइएको छ ।

१९. वक्यौता कर असूलीलाई अभियानको रुपमा सञ्चालन गरिएको । यसबाट मूल्य अभिवृद्धि करतर्फ १ अर्व ४९ करोड ५१ लाख र आयकर तर्फ ८८ करोड ४९ लाख वक्यौता असूली भएको छ ।

२०. आन्तरिक राजस्व विभाग र भन्सार विभाग अन्तर्गतका कार्यालयहरुलाई करदाता मैत्री एवं सूचना प्रविधि मैत्री हुने गरी विन्यास गर्दै लगिएको छ ।

२१. Transfer Pricing, Permanent Establishment, Long term contract सम्बन्धी कार्य निर्देशिकाको मस्यौदा तयार गरिएको छ ।

२२. आन्तरिक राजस्व कार्यालय र भन्सार कार्यालयहरुमा सुविधा सम्पन्न Help Desk स्थापना गरिएको छ । यसबाट करदाताले छिटो छरितो सेवा पाउन सक्ने अवस्थाको सृजना भएको छ ।

२३. करदाता सेवालाई गुणस्तरीय बनाउन आन्तरिक अनुगमनलाई नियमितता प्रदान गरिएको छ । अनुगमन कार्य विभाग एवं मन्त्रालयबाट नियमित रुपमा भइरहेको छ । यसबाट सेवा प्रवाहमा गुणस्तरीयता आएको छ भने कुनै नीतिगत अन्यौलता भए त्यसलाई तत्काल समाधन गर्न सघाउ पुगेको छ ।

२४. अर्थ मन्त्रालय र अन्तर्गत कर्मचारीहरुको आचार संहिता तयार गरी लागू गरिएको छ ।

२५. सम्पत्ति शुद्धीकरण तथा आतंकबादमा हुने वित्तीय लागनी निवारण सम्बन्धी पाँचवर्षे राणनीति सार्वजनिक गरिएको छ ।

२६. सीमावर्ति भारतीय भन्सारको कार्य दिन र समय अनुसार नेपालको भन्सार प्रशासनमा पनि कार्य समय मिलान गरिएको छ । यसबाट सम्बन्धित करदातालाई समयको असुविधाले सेवा लिन बढी समय लाग्ने झन्झट हटेको छ ।

२७. भन्सार एजेन्टको कार्यविधि र परीक्षा पाठ्यक्रम तयार भएको छ ।

२८. सवारी साधनको अस्थायी पैठारीलाई व्यवस्थित गर्न स्वचालन सफ्टवेयर तयारी गरी परीक्षण गरिएको छ ।

२९. १० वटा प्रमुख भन्सार कार्यालयहरुमा Optical Fiber Link जडान गरिएको छ ।

३०. भारतीय अन्तःशुल्क (DRP) फिर्ता प्रक्रिया खारेज गरिएको छ ।

३१. भन्सार विभागमा Voice Recording Mahcine र Help Line सुविधा विस्तार गर्ने कार्य अन्तिम चरणमा रहेको छ । यसबाट सेवाग्राहीको जिज्ञासा सहज र सरल तरिकाबाट समाधान हुने छ ।

३२. वीरगंज, विराटनगर, भैरहवा, सुख्खा वन्दरगाह, त्रि.वि.स्थल भन्सार कार्यालयमा भन्सार कार्यालयले जारी गर्ने गरेको नगदी रसिद विस्थापन गरी बैंक मार्फत नगद बुझी बैकबाटै राजस्व प्राप्ति भौचर जारी गर्ने व्यवस्था कार्यान्वयन गरिएको छ ।

**आर्थिक वर्ष २०६८।६९ को राजस्व लक्ष्य र असूली विवरण**

**रु. करोडमा**

| सि.नं | राजस्व शिर्षक | बार्षिक लक्ष्य | असूली | लक्ष्यको तुलनामा असूली (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | भन्सार महशुल | ४१५६.३० | ४३४०.९८ | १०४.४४ |
| २. | मूल्य अभिवृद्धिकर | ७२७४.३० | ७२१८.८१ | ९९.२४ |
| ३. | अन्तशुल्क | ३०२५.४० | ३०४१.०४ | १००.५२ |
| ४. | आयकर | ५०८१.३५ | ५२३३.४३ | १०२.९९ |
| ५. | शिक्षा सेवा कर | २५.०० | २२.३८ | ८९.५० |
| ६. | रजिष्ट्रेसन दस्तुर | ४५०.६५ | ४१४.४७ | ९१.९७ |
| ७. | सवारी साधन कर | ४६९.६५ | ३६४.९७ | ७७.७१ |
| कर राजस्व जम्मा | | २०४८२.६५ | २०६३६.०८ | १००.७५ |
| गैरकर राजस्व | | ३६९४.७७ | ३७७८.७९ | १०२.२७ |
| कूल राजस्व जम्मा | | २४१७७.४२ | २४४१४.८७ | १००.९८ |

**कूल राजस्व गत वर्षको तुलनामा वृद्धिदर २२.२ प्रतिशत**

३३. २०६९ असारमा जलेश्वर भन्सार कार्यालय र गौर भन्सार कार्यालयमा Asycuda को विस्तार गरेको र सो पश्चात Asycuda प्रविधिबाट संचालन हुने भन्सार कार्यालयको संख्या १२ पुगेको छ ।

३४. ६ वटा भन्सार कार्यालयमा जोखिम व्यवस्थापनमा आधारित छनौट प्रणाली लागू भइसकेको र अन्य भन्सारमा क्रमश: लागू गर्ने योजना रहेको छ । यस प्रणालीको प्रयोगले जाँचपासको काम छिटो छरितो एवं प्रभावकारी हुँदै गएको छ ।

३५. वित्तीय सेवाको पहुँच कम भएका भौगोलिक क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुलाई शाखा खोल्न प्रोत्साहन दिने नीतिलाई निरन्तरता दिइएको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरु दुर्गम क्षेत्रमा पनि शाखा विस्तार गर्न उत्साहित भएका छन् ।

३६. साना तथा मझौला निक्षेपकर्ताहरुको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको सुरक्षा सुनिश्चित गर्दै बैंक तथा वित्तीय संस्थाहरु प्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गराउने उद्देश्यले २ लाख रुपैयाँसम्मको बैंक निक्षेपलाई सुरक्षण गर्ने नीतिगत व्यवस्था अनुसार १९३ बैंक तथा वित्तीय संस्थाहरु मार्फत २०६९ बैशाख मसान्तसम्म ६९ लाख निक्षेपकर्ताहरुको रु. १९४ अर्ब निक्षेप सुरक्षण भएको छ । यसबाट कूल व्यक्तिगत निक्षेप खातामा रहेको रकम मध्ये करिव ३५ प्रतिशत रकमको सुरक्षण भएको छ ।

३७. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा लगानीको गुणस्तरमा सुधार गर्ने उद्देश्यले रु. १ करोड वा सो भन्दा बढी कर्जा लिई नियतवश ऋण नतिर्ने ऋणीहरु उपरको कारवाहीलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिएको छ ।

३८. आर्थिक वर्ष २०६८।६९ मा निक्षेप परिचालनको बढोत्तरीले बैंक तथा वित्तीय संस्थाहरुमा तरलता स्थिति सहज भएको कारण अल्पकालीन तथा दीर्घकालीन व्याजदरहरु अघिल्लो वर्षको तुलनामा न्यून स्तरमा रहेका छन् ।

३९. शेयरको मूल्यमा आउने उतार–चढावले लगानीकर्ताको मनोवल गिर्नुका साथै आर्थिक स्थायित्वमा समेत प्रतिकूल असर पर्न सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी मार्जिन प्रकृतिको कर्जा नवीकरण तथा मार्जिन कल सम्बन्धी कर्जा व्यवस्थामा केही लचिलो नीति अवलम्बन गरिएको छ । यस्तो व्यवस्था अवलम्बन गरिए पश्चात् शेयर वजारमा सुधारको संकेत देखिएको छ ।

४०. घरजग्गा कारोवारमा दीगो सुधार ल्याउन गरिएको नीतिगत प्रयासहरुका कारण पछिल्लो अवधिमा यस क्षेत्रको व्यवसायमा केही सुधारका संकेत देखिएका छन् । रियल स्टेट क्षेत्रमा २५ प्रतिशत भन्दा बढी कर्जा प्रवाह गरेका बैंक तथा वित्तीय संस्थाले २०६९ असार मसान्तसम्ममा उक्त कर्जाको २५ प्रतिशतको सीमा भित्र ल्याउनु पर्ने व्यवस्था भएकोमा यस्तो अवधि २०७० असार मसान्तसम्म कायम गरिएको छ ।

४१. बैंक तथा वित्तीय क्षेत्रको अनुत्पादक क्षेत्रको कर्जा तथा लगानी कटौती गरी कृषि, उर्जा लगायत उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गराउने उद्देश्यले अवलम्बन गरिएको नीतिको कारण कृषिक्षेत्रको कर्जा प्रवाह ६० प्रतिशतले बढेको छ । त्यसैगरी उत्पादन क्षेत्रतर्फको कर्जा २२.८ प्रतिशतले, थोक तथा खुद्रा व्यापार तर्फको कर्जा १३.६ प्रतिशतले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १८.६ प्रतिशतले बढेको छ ।

४२. समीक्षा अवधिमा निक्षेपको बढोत्तरीले बैंक तथा वित्तीय संस्थाहरुको तरलता अनुपातमा सुधार आएको छ । बैंक तथा वित्तीय संस्थाहरुको समग्र तरलता निक्षेप अनुपात ३२.५ प्रतिशत पुगेको छ ।

४३. राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडबाट पेश भएको पूँजी कोष बृद्धि योजना बमोजिम नेपाल सरकारले राष्ट्रिय वाणिज्य बैंकमा रु. ४ अर्ब ३२ करोड ५३ लाख १० हजार र नेपाल बैंक लिमिटेडमा रु. १ अर्ब ३९ करोड २४ लाख ४५ हजार शेयर लगानी गरेको छ ।

४४. मुलुकले प्राथमिकता प्रदान गरेको जलविद्युत लगायतका पूर्वाधार क्षेत्रको विकासका लागि बैंक तथा वित्तीय संस्थामा रहेको विदेशी मुद्राको उपयोग हुन नसकी विदेशस्थित विभिन्न उपकरणमा न्यून व्याजदरमा लगानी भइरहेको अवस्थालाई ध्यानमा राख्दै बैंक तथा वित्तीय संस्थाहरुले जलविद्युतसंग सम्बन्धित परियोजनामा विदेशी मुद्रामा कर्जा उपलव्ध गराउन र नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी विदेशी मुद्रामा जारी भएका विभिन्न उपकरणहरुमा समेत लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

४५. ३८ जिल्लामा एकल कोष खाता (TSA) लागु भइसकेको र आर्थिक वर्ष २०६९।७० मा थप २२ जिल्लामा TSA लागू गरिएको छ । यी जिल्ला सहित ६० जिल्लामा TSA लागू भएपछि कूल राजस्व र खर्चको ९५ प्रतिशत रकमको Online Reporting हुन सक्नेछ ।

४६. आन्तरिक र वाह्य ऋणको लेखा व्यवस्थालाई व्यवस्थित गर्न छुट्टै Debt Management Office को स्थापना गर्न विस्तृत अध्ययन गरी प्रतिवेदन पेश भएको छ ।

४७. भ्रष्टाचार विरुद्धको उजुरीहरुलाई प्राथमिकतामा राखी कार्य गर्ने गरिएको छ ।

४८. राजस्व अनुसन्धान विभागबाट नियमित रुपमा आकष्मिक गस्ति परिचालन गर्ने गरिएको छ । उपत्यका वाहिर नारायणी पूर्व र नारायणी पश्चिम तथा काठमाडौं उपत्यका र अरनीको राजमार्ग क्षेत्रमा गस्ती परिचालन गरी ६७ वटा सवारी साधन नियन्त्रणमा लिई राजस्व तथा जरिवाना समेत रु. ४ करोड १६ लाख असुल गरिएको छ ।

४९. राजस्व अनुसन्धान विभागको थानकोट र धुलिखेल चेकपोष्ट र इटहरी, पथलैया र कोहलपुर क्षेत्रीय कार्यालयमा CCTV जडान गरी विभागबाट प्रत्यक्ष अनुगमन भइरहेको छ ।

५०. सार्वजनिक शेयर जारीगरी सूचीकृत हुन बाँकी कम्पनीहरुलाई नेप्सेमा सूचीकृत हुन जानकारी गराइएको छ । सो व्यवस्था अनुरुप ४० भन्दा बढी कम्पनीले साधारण, वोनश तथा हकप्रद शेयर सूचीकरण गरेका छन् ।

५१. पूँजी बजारका सम्वन्धमा जनचेतना फैलाउन जनचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका र विश्व विद्यालयहरुमा समेत Guest Lecture को व्यवस्था गरी प्रचार प्रसार गरिएको छ ।

५२. कर्मचारी सञ्चयकोषबाट सञ्चयकर्ताहरुको आकष्मिक आवश्यकतालाई पूरा गर्न तोकिएको क्षेत्रको घरजग्गा धितो राखी २० लाखसम्मको सञ्चयकर्ता सरलचक्र कर्जा योजना लागू गरिएको छ । यसबाट सिमित आय भएका सञ्चयकर्ता लाभान्वित हुनेछन् ।

५३. नागरिक लगानी कोषबाट वचत वृद्धि, अवकाश कोषका सहभागीहरुलाई घर निर्माणको लागि मात्र कर्जा प्रदान गरिरहेकोमा निर्माण भइसकेका घर तथा फ्ल्याट खरिद गर्न समेत कर्जा प्रदान गर्न शुरु गरिएको छ । यसबाट घर जग्गा कारोवारमा सुधार आउने देखिन्छ ।

५४. युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट ४२०६ जनाले ऋण लिई व्यवसाय सञ्चालन गरेका छन् । त्यसैगरी १२२१९ जनाले साना व्यवसाय सम्वन्धी अभिमूखिकरण तालीम लिइसकेका छन् । युवाहरुलाई स्वदेशमै व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्न विभिन्न बैंक मार्फत सरल कर्जा उपलव्ध गराइएको छ । यस कार्यक्रमलाई अझ व्यापक बनाउने सोच रहेको छ ।

५५. राजस्व प्रशासन तालीम केन्द्रबाट राजस्व समूह र लेखा समूहका राजपत्रांकित द्वितीय, तृतीय र राजपत्र अनंकित कर्मचारीहरुलाई सेवाकालीन तालीम एवं सेवा प्रवेश तालीम प्रदान गरिएको छ । त्यस्तै सो केन्द्र मार्फत अल्पकालीन तालीम गोष्ठी तथा छलफल कार्यक्रम पनि सञ्चालन गरिएको छ ।

५६. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सम्पत्ति शुद्धीकरण निवारण गर्न जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले विभिन्न ८ किसिमका पुस्तक पुस्तिकाहरु प्रकाशन भएका छन् ।

५७. कर र कुल गार्हस्थ उत्पादनको अनुपातको प्रवृत्ति विश्लेषण गर्दा यस्तो अनुपात बढ्दो क्रममा रहेको पाइन्छ । यसै गरी विगत ७ वर्षको कूल राजस्व असुली पनि निरन्तर वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु. ७२ अर्व २३ करोड असुल भएकोमा ७ वर्षको अवधिमा ३३८ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६८।६९ मा आइपुग्दा रु. २ खर्व ४४ अर्व १५ करोड पुगेको छ । यी तथ्यहरुले हाम्रो कर प्रशासन प्रभावकारी हुँदै गएको इङ्गित गर्दछ ।






५८. रु. १५ करोड भन्दा माथि बजेट विनियोजन भएका राष्ट्रिय महत्वका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्देश्यले माननीय अर्थ मन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय अनुगमन समितिले सक्रीयताका साथ अनुगमन निरीक्षण गरिरहेको छ । यसै सिलसिलामा माननीय अर्थमन्त्रीबाट सिन्धुपाल्चोक जिल्लाको लार्चामा निर्माण हुने सुख्खा बन्दरगाह निर्माण स्थलको स्थलगत भ्रमण गर्ने कार्य सम्पन्न भएको एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत DRSP र RAP आयोजनाको अनुगमन सम्पन्न गरिएको छ । साथै रानी जमरा, सिक्टा र ववई सिंचाई आयोजनको समेत माननीय अर्थमन्त्रीबाट निरीक्षण गरिएको छ ।

५९. अर्थ मन्त्रालय अन्तरगतका निकायहरुको आर्थिक विकास तथा समृद्धिको तत्कालिन कार्ययोजना एवं सुशासन कार्ययोजना, २०६८ मा उल्लेखित अर्थ मन्त्रालय अन्तर्गतका कार्यहरुको अनुगमन गर्ने तथा मासिक प्रगति विवरण तयार गर्ने कार्य समयमै सम्पन्न गरिएको छ ।

६०. राजस्व नीति तर्जुमाको साथसाथै उक्त नीतिहरुको सहज कार्यान्वयन गराई राजस्व परिचालनमा अभिवृद्धि गर्न गराउन निजी क्षेत्रका सम्वद्ध व्यवसायीसंग पटक पटक बैठक, छलफल एवं अन्तरक्रिया कार्यक्रम गरी गराई निजी क्षेत्रको सहभागिता अभिबृद्धि गरिएको छ ।

६१. सार्वजनिक लेखा समितिवाट माग भई आए बमोजिम आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग तथा भन्सार विभागवाट नक्कली मू.अ.कर विजकको कारवाही,

क्यासिनोको राजस्व बक्यौता, यूनिटीको कारोवार र नक्कली निकासीको कारवाहीका सम्वन्धमा भएको प्रगतिको यथार्थ जानकारी गराइएको छ ।

६२. जल विद्युत आयोजनाको लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने मेशिनरी औजारहरु र तिनका पार्टपूर्जा यन्त्रोपकरण लगायतका सामानहरु पैठारी गर्दा आयोजनाको स्तर हेरी विद्युत विकास विभाग तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा महसुल छुट हुने व्यवस्था गरिएको छ ।

६३. सार्क सचिवालय काठमाडौंमा सन् २०११ सेप्टेम्वर २० देखि २३ सम्म संचालन भएको SAFTA वैठकमा सहभागिता जनाइएको छ ।

६४. कर कार्यान्वयन अभियान वर्ष २०६८ को कार्यान्वयनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकलाई Focal Point तोकिएको छ ।

६५. DTAA को संग्रह तयार गरी प्रकाशित गर्ने सम्वन्धमा राजस्व महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्य सम्पादन समूह गठन गरिएको छ ।

६६. संयुक्त अरव ईमिरेट्स (UAE) सरकारले नेपाल सरकारसंग भविष्यमा Bi-lateral Agreement on Avoidance of Double Taxation(DTAA) गर्ने उद्देश्यले प्रेषित मस्यौदा उपर छलफलल भैरहेको छ ।

६७. छिमेकी राष्ट्रमा सुनको भन्सार मूल्य वृद्धि भएको सन्दर्भमा नेपाली वजार मूल्यलाई समयसापेक्ष वनाउने क्रममा सुनमा लाग्ने महशुल २ पटक बृद्धि गरिएको छ ।

६८. SAARC, Limited Multilateral Agreement on Avoidance of Double Taxation and Mutual Administrative Assistance in Tax Matter का विषयमा भारत सरकारद्धारा प्रस्तावित संशोधनमा मालदिभ्स सरकारद्धारा प्रस्तुत धारणाको विषयमा आन्तरिक राजस्व विभागसंग राय माग गरी सो सम्बन्धी निर्णय प्रक्रियामा रहेको छ ।

६९. Enhanced Integrated Framework (EIF) अन्तर्गत भन्सार र व्यापार सहजीकरण समितिको मिति २०६९।२।२१ मा यस समितिका संयोजक तथा सहसचिव शान्तराज सुवेदीको संयोजकत्वमा बसेको बैठकले परियोजना प्रस्तावहरु प्राथमिकिकरणको निर्णय गरी वाणिज्य तथा आपूर्ति मन्त्रालय पठाइएको छ ।

७०. माननीय अर्थमन्त्रीको संयोजकत्वमा विभिन्न मितिमा ६ वटा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक सम्पन्न भई राजस्व चुहावट नियन्त्रण गर्न सम्वन्धित निकायहरुलाई आवश्यक निर्देशन दिइएको छ ।

७१. आर्थिक बर्ष २०६९।७० को लागि आर्थिक अध्यादेश, आर्थिक नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने विषयको सम्वन्धमा विभिन्न निकायहरुसंग आवश्यक छलफल र परामर्श गरिएको छ ।

७२. गत विगत वर्षहरुदेखि आन्तरिक राजस्व विभाग र भन्सार विभाग अन्तर्गतका कार्यालयहरुमा लागू गरिंदै आएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई

आर्थिक वर्ष २०६९।७० मा निरन्तरता दिने क्रममा राजस्व संकलन तथा कार्यालयहरुको समग्र कार्यसम्पादनमा पारेको प्रभाव समेतको अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित "***भन्सार तथा आन्तरिक राजस्व कार्यालयहरुमा कार्यान्वयनमा रहेको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव मूल्याङ्कन समितिको प्रतिवेदन, २०६९***" पेश भएको छ ।

७३. बजेट तर्जुमालाई सरल, यथार्थपरक एवं परिणाममुखी तुल्याउन र साविकमा जारी गरिएको बजेट तर्जुमा दिग्दर्शनलाई समय सापेक्ष परिमार्जन गरी बजेट तर्जुमा दिग्दर्शन, २०६८ (पांचौ संस्करण) तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

७४. बजेट तथा कार्यक्रम महाशाखाले सम्पादन गर्ने कार्यलाई व्यवस्थित बनाउन साविकमा जारी भएको कार्यसञ्चालन निर्देशिकालाई परिमार्जन गरी चौथो संस्करणको रुपमा बजेट तथा कार्यक्रम महाशाखाको कार्यसञ्चालन निर्देशिका, २०६८ जारी गरेको छ ।

७५. बजेट तर्जुमाको क्रममा कायम गर्नु पर्ने गोपनियतालाई अझ विश्वसनीय बनाउन बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी/कर्मचारीहरुको जिम्मेवारी सम्बन्धी विधि तर्जुमा गरी मन्त्रिपरिषदबाट स्वीकृत भए पछि कार्यान्वयनमा ल्याइएको छ ।

७६. बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारीहरुलाई बजेट लेखनको लागि गोप्य कोठा निर्माण गरी सम्बद्ध पदाधिकारीहरुले कार्ड प्रयोग गरी गोप्य कोठामा जान पाउने व्यवस्था सहितको स्वचालित संयन्त्र निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

७७. आर्थिक वर्ष २०६८।६९ को बजेटको प्रथम ६ महिनाको कार्यान्वयनको अवस्था र सोको आधारमा बांकी अवधिमा अवलम्बन गर्नुपर्ने रणनीति र सुधारका विषयहरु समावेश गरी मध्यावधि  समीक्षा तयार गरिएको छ ।

७८. आर्थिक वर्ष २०६९।७० को पूर्ण बजेटको तयारी सम्पन्न भएको छ ।  सो क्रममा आर्थिक वर्ष २०६९।७० को बजेट बक्तव्य, खर्च शीर्षकगत र स्रोतगत विवरण भएको व्यय अनुमानको विवरण र आर्थिक वर्ष २०६९।७० - २०७१।७२ को त्रिवर्षीय खर्च प्रक्षेपण विवरणको पूर्ण मस्यौदा तयार भइसकेको छ । पूर्ण बजेट आउन सक्ने अवस्था नभएपछि आर्थिक वर्ष २०६९।७० मा संचालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६८।६९ को कूल व्यय रकमको एक तृतीयांश सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ जारी भई  कार्यान्यनमा ल्याइएको छ । आर्थिक वर्ष २०६९।७० को संचित कोषमाथि व्ययभार हुने अनुमानको विवरण पनि तयार भई कार्यान्वयनमा आइसकेको  छ ।

७९. लैङ्गिक उत्तरदायी बजेटको सूचकहरुको परिमार्जन र उपसुचकहरुको तर्जुमाको लागि प्रतिवेदन तयार भएको छ ।

८०. बजेट तथा कार्यक्रम एवं सोमा विनियोजित बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन र कार्यक्रममा विनियोजित बजेटलाई लैङ्गिक उत्तरदायीपनका आधारमा वर्गीकरण गर्न क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन गरिएको छ । यस क्रममा सरकारी अधिकृत कर्मचारीहरुलाई तालिम दिने संस्थामा कार्यरत १९ जना, महिला सम्बन्धी विषयमा

वकालत गर्ने संस्थाहरुमा कार्यरत ३८ जना र मन्त्रालय /विभागका योजना र लेखा शाखामा कार्यरत ७९ जना कर्मचारीहरुलाई सो सम्बन्धी तालिम प्रदान गरिएको छ ।

८१. बजेट तर्जुमा गर्दा भर्नुपर्ने फारमहरुको सम्बन्धमा सबै मन्त्रालय र निकायका योजना र लेखा शााखामा कार्यरत १३६ जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ ।

८२. अर्थ मन्त्रालयको SERVER मा रहेका सूचना सिंहदरबार स्थित GIDC मा मिररिङ्ग गर्न मिल्ने व्यवस्थाको तयारी कार्य पूरा भएको छ ।

८३. समग्र वित्तीय क्षेत्रको विकास र स्थायित्वको लागि आवश्यक बैकिङ, पूँजी बजार र बीमा क्षेत्रका विषयवस्तुहरुलाई समन्वयात्मक ढङ्गमा अगाडि बढाई समन्वय तथा दिशा निर्देश गर्न माननीय अर्थमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिले आवश्यक निर्देशन तथा सिफारिश गर्दैआएको छ ।

८४. मासु उत्पादनमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्न पशुपालन कार्यक्रम अभियानकै रुपमा संचालन गर्ने व्यवस्था बमोजिम चालू आर्थिक वर्ष २०६८।६९ मा उक्त कार्यक्रमका लागि रु. एक अर्व पचास करोड निकासा दिइएको छ ।

८५. आर्थिक क्रियाकलापको विस्तारमा योगदान पुग्ने गरी वित्तीय प्रणालीको दीगो विकास र स्थायित्वका लागि नेपाल बैंक लिमिटेडको पूँजी संरचना योजना स्वीकृत भैसकेको छ भने राष्ट्रिय वाणिज्य बैंकको पूँजी योजना स्वीकृतिको प्रक्रियामा रहेको छ । राष्ट्रिय वाणिज्य बैंकमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति कार्य सम्पन्न भैसकेको र नेपाल बैंक लिमिटेडको नियुक्ति प्रक्रियामा रहेको छ ।

८६. नेपालले अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिवद्धता अनुरुप सम्पत्ति शुद्धीकरण निवारणका लागि निगरानी र कारवाही व्यवस्थालाई अझ सशक्त बनाउन र आतंककारी गतिविधिमा हुने वित्तीय लगानी नियन्त्रण गर्ने सन्दर्भमा पारस्परिक कानूनी सहायता अध्यादेश, २०६९ र सपुर्दगी अध्यादेश, २०६९ जारी भैसकेका छन् ।

८७. कमोडिटिज कारोवारको प्रभावकारी नियमन र सुपरीवेक्षण गर्ने कानूनी व्यवस्थाको अतिरिक्त प्रचलित धितोपत्र सम्बन्धी ऐन, २०६३ मा कमोडिटिज कारोबारलाई समेट्ने गरी संशोधनको मस्यौदा सम्बन्धी कार्य पूरा भएको छ ।

८८. एशियाली विकास बैंकको सहयोगमा संचालित पूँजी बजारको क्षमता अभिवृद्धि सम्बन्धी आयोजनाको लागि स्थानीय परामर्शदाता नियुक्त गरी कार्य अघि बढाइएको छ ।

८९. कर्जा प्रवाहमा विश्वसनीयता वृद्धि गर्न क्रेडिट रेटिङ्ग एजेन्सीको स्थापनाका लागि आवश्यक नियमावलीको व्यवस्था भैसकेको छ ।

९०. विदेशमा रहेका नेपालीहरुलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्र जारी गर्ने व्यवस्थालाई अझ व्यवस्थित गर्न यस सम्वन्धी कार्यविधि तयार गरी वैदेशिक रोजगार बचतपत्र जारी गरिएको छ ।

९१. आर्थिक नीति सञ्जाल दोस्रो चरण अन्तर्गत प्राप्त प्रतिवेदनहरुको आधारमा अर्थ मन्त्रालयमा नीति विश्लेषण सञ्जाल इकाई स्थापना गर्नेतर्फ कारवाही भैरहेको छ ।

९२. पुनर्बीमा वापत मुलुकबाट बाहिरिने रकमलाई स्वदेश भित्रै परिचालन गरी बीमा व्यवसायको अभिवृद्धि तथा रोजगारीका अवसरहरुको समेत सृजना गर्न हालको आकस्मिक बीमा कोषलाई पुनसंरचना गरी पुनर्बीमा कम्पनीमा परिणत गर्ने तर्फ प्रारम्भिक कार्य शुरु गरिएको छ ।

९३. बीमा बजारलाई प्रतिष्पर्धी, विश्वसनीय र थप व्यवस्थित गर्ने सम्बन्धमा आवश्यक अध्ययन भैरहेको छ भने लघु बीमामा ग्रामीण क्षेत्रका जनताको पहुंच पुऱ्याउने संयन्त्रको व्यवस्था गर्ने सम्वन्धमा कार्य भैरहेको छ ।

९४. कर्मचारी संचयकोष, नागरिक लगानी कोष लगायतका वित्तीय संस्थाहरुको संशोधित नियम तथा विनियमहरुमा स्वीकृति प्रदान गरिएको छ ।

९५. युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई प्रभावकारी रुपमा संचालन गर्न सरकारी स्वामित्वका वैंक मार्फत लगानी गर्ने व्यवस्था मिलाइएको छ ।

## १३. सूचना अधिकारी र प्रमुखको नाम :

| | | | |
|---|---|---|---|
| सहायक सूचना अधिकारी | : | उपसचिव | भूमिराम शर्मा |
| सूचना अधिकारी | : | सह सचिव | राजन खनाल |
| प्रमुख | : | अर्थ सचिव | कृष्णहरि वास्कोटा |

## १४. ऐन, नियम र निर्देशिकाको सूची :

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरुले निम्नानुसारका कानून प्रयोग गरी आफ्नो कार्य सम्पादन गर्ने गरेका छन् ।

- नेपालको अन्तरिम संविधान २०६३ को आर्थिक कार्यप्रणाली सम्वन्धी विषयमा उल्लिखित धाराहरु
- आयकर ऐन, २०५८
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तशुल्क ऐन, २०५८
- भन्सार ऐन, २०६४
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- सम्पत्ति शुद्धीकरण नियन्त्रण ऐन, २०६४
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- मदिरा ऐन, २०३१
- उपभोक्ता संरक्षण ऐन, २०५४
- औषधी ऐन, २०३५
- खानी तथा खाद्य पदार्थ ऐन, २०४२
- खाद्य ऐन, २०२३
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- वन ऐन, २०४९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

- लागू औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार खरखजाना ऐन, २०१९
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- विष्फोटक पदार्थ ऐन, २०१९
- पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०१९
- भन्सार नियमावली, २०६४
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- आयकर नियमावली, २०५९
- अन्तशुल्क नियमावली, २०५९
- मदिरा नियमावली ,२०३३
- रासायनिक मल निर्देशिका, २०५७
- रासायनिक मल नियन्त्रण आदेश, २०५५
- नेपाल सवारी प्रदुषण मापदण्ड, २०५६
- वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६/७/१६ को सूचना
- निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचना
- सालवसाली आर्थिक ऐन
- नेपाल सरकारका निर्णयहरु
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- ऐन सम्बद्ध निर्देशिकाहरु (आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार ऐन वमोजिम)
- WTO/WCO को वडापत्र
- SAARC/SAFTA को वडापत्र

## १५. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण खर्चको फाँटवारीहरु :

### (क) आर्थिक वर्ष २०६८।६९ को वजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम सम्बन्धी प्रगति विवरण :

**वजेट तथा कार्यक्रम महाशाखा**

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३९ | लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरणको माध्यमबाट लैङ्गिक समानता कायम गर्न लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई अझै प्रभावकारी ढंगमा कार्यान्वयन गर्ने | • बजेट तथा कार्यक्रम एवं सोमा विनियोजित बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन र कार्यक्रममा विनियोजित बजेटलाई लैङ्गिक उत्तरदायीपनका आधारमा वर्गीकरण गर्न क्षमता अभिबृद्धि सम्बन्धी तालीम संचालन गरिएको छ। यस क्रममा सरकारी अधिकृत कर्मचारीहरुलाई तालिम दिने संस्थामा कार्यरत १९ जना, महिला सम्बन्धी विषयमा वकालत गर्ने संस्थाहरुमा कार्यरत ३८ जना र मन्त्रालय /विभागका योजना र लेखा शाखामा कार्यरत ७९ जना कर्मचारीहरुलाई सो |

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | | सम्बन्धी तालीम प्रदान गरिएको छ ।<br>• लैङ्गिक उत्तरदायी बजेटको सुचकहरुको परिमार्जन र उपसुचकहरुको तर्जुमाको लागि प्रतिवेदन तयार भएको छ ।<br>• बजेट तर्जुमा गर्दा भर्नुपर्ने फारमहरुको सम्बन्धमा सबै मन्त्रालय र निकायका योजना र लेखा शााखामा कार्यरत १३६ जना कर्मचारीहरुलाई तालीम प्रदान गरिएको छ । |
| ३४१ | • नेपालको बजेट, खर्च, लगानी र राजस्व सम्बन्धी संकेत तथा वर्गीकरण अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउने उद्देश्यले सरकारी वित्तीय तथ्याङ्क सम्बन्धी म्यानुअल, २००१ मा आधारित नयाँ संकेत तथा वर्गीकरण आगामी आर्थिक वर्षदेखि लागु गर्ने ।<br>• आगामी आर्थिक वर्ष २०६८।६९ को बजेट सम्बन्धी व्यय अनुमानको विवरण र अनुसूचीहरु नयाँ प्रणाली अनुसार तर्जुमा गर्ने । | • वित्तीय तथ्याङ्क सम्बन्धी म्यानुअल, २००१ मा आधारित नयाँ संकेत तथा वर्गीकरण अनुसार बजेट प्रस्तुती, अख्तियारी प्रदान र बजेट तर्जुमा दिग्दर्शन समेत तयार भै लागु भै प्रचलनमा आईसकेको छ ।<br>• बजेट वर्गिकरण तथा व्याख्यालाई IMF को GFS Mannual, 2001 अनुरुप परिवर्तन गरी लागु गरिएको । |
| ३४४ | अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै कूल बजेटमा पुँजीगत बजेटको अंश क्रमश: बढाउँदै लैजान चालू खर्च नियन्त्रणका लागि मितब्ययीता सम्बन्धी नीतिहरु अवलम्बन गर्न निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने । | • अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै कूल बजेटमा पुँजीगत बजेटको अंश क्रमश: बढाउँदै लैजान चालू खर्च नियन्त्रणका लागि सरकारी खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिका, २०६८ नेपाल सरकार (मं.प.) को मिति २०५८।५।३० को निर्णय अनुसार स्वीकृत भई कार्यान्वयनमा रहेको । |
| ३४६ | सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोगको सिफारिशलाई क्रमश: कार्यान्वयन गर्ने । | • सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोगले दिएको सिफारिसलाई क्रमश: कार्यान्वयन गर्न समय सीमा सहितको कार्य तालीका तयार गरिएको ।<br>• आर्थिक वर्षको अन्त्यमा बढी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न चैत्र पछि आषाढसम्म कूल विनियोजनको ४० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने र आषाढमा मात्र २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था अख्तियारी पत्र मै गरिएको ।<br>• कर्णाली अञ्चल लगायतका १२ दुर्गम जिल्लामा काम शुरु भईसकेका तर खर्च भूक्तानी हुन नसकेका पूँजीगत निर्माण कार्यलाई अर्को आर्थिक वर्षमा थप निकासा दिने व्यवस्थालाई निरन्तरता दिइएको । |
| ३५२ | वैदेशिक सहायतामा कार्यान्वयन गरिने आयोजनाहरुको बजेट निकासालाई आयोजनाले गरेको खर्च, कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तीय तथा लेखापरीक्षण प्रतिवेदन सम्बन्धी कार्यसम्पादन गरे नगरेको पक्षसँग आवद्ध गर्ने । | अख्तियारीको माध्ययमबाट निकासालाई आबद्ध गरी अनुगमन गर्ने कार्य अद्यावधीक भैरहेको र राजस्व प्रशासन तालीम केन्द्र मार्फत आयोजना लेखा प्रतिवेदन तयारीको लागि  तालिम प्रदान गरिएको । |
| ३८ | कर्णालीका सबै जिल्ला र बाजुरा, दार्चुला, वझाङ्ग, दैलेख, मुस्ताङ्ग, जाजरकोट र रुकुम जिल्लाहरुमा संचालन हुने एक करोड रुपैया भन्दा माथिका विकास कार्यक्रमहरुको लागि आवश्यकतानुसार बहुवर्षीय ठेक्का प्रणाली अवलम्बन गर्ने । | वजेट वक्तव्यमा उल्लेखित वहुवर्षीय ठेक्का प्रणाली अवलम्बन गर्न अख्तियारी पत्र मार्फत सम्बन्धित सबै जिल्लामा निर्देशन जारी गरिएको । |

## अनुगमन तथा मूल्यांकन महाशाखा

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३३८ | विकास नीति, कार्यक्रम र आयोजनाको अनुगमन र मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन प्राथमिकता प्राप्त प्रथम आयोजनाहरु र दातृ निकायको सहायतामा सञ्चालित कार्यक्रम र आयोजनाहरुको नतिजामुखी ढंगले अनुगमन र मूल्यांकन गरिनेछ । विद्युतीय अनुगमन पद्धतिको विकास गरी अनुगमनलाई स्वचालित र प्रभावकारी बनाउने कार्य आगामी आर्थिक वर्षबाट शुरु गरिनेछ । | • बिराटनगर, वीरगञ्ज, तातोपानी र त्रि.वि. स्थल भन्सार कार्यालहरुको Internet Protocal Camera (IP Camera) मार्फत मन्त्रालयबाटै अनुगमन गर्ने व्यवस्था मिलाइएको ।<br>• विभिन्न विकास आयोजनाहरुको अनुगमन गरी समयमै समस्या समाधान गर्ने कार्य आर्थिक वर्ष भरी नै भएको ।<br>• चौमासिक तथा वार्षिक विवरणहरु e-mail बाट प्राप्त गरी तथ्यांक प्रशोधन गरी प्रगति विवरण बनाउने गरिएको । |
| ३४३ | रु. १५ करोड भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगतिको आवधिक अनुगमन अर्थ मन्त्रीको नेतृत्वमा रहेको उच्चस्तरीय समितिले गर्ने चालु वर्षको व्यवस्थालाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ । | • रु. १५ करोड भन्दा माथि बजेट विनियोजन भएका राष्ट्रिय महत्वका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्देश्यले माननीय अर्थ मन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय अनुगमन समितिले सक्रियताका साथ अनुगमन निरीक्षण गरिरहेको छ । यसै सिलसिलामा माननीय अर्थमन्त्रीबाट सिन्धुपाल्चोक जिल्लाको लार्चामा निर्माण हुने सुख्खा बन्दरगाह निर्माण स्थलको स्थलगत भ्रमण गर्ने कार्य सम्पन्न भएको एवं संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय अन्तर्गत DRSP र RAP आयोजनाको अनुगमन सम्पन्न गरिएको छ । साथै रानी जमरा, सिक्टा र ववई सिंचाई आयोजनको समेत माननीय अर्थमन्त्रीबाट निरीक्षण गरिएको छ । |

## संस्थान समन्वय महाशाखा

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३५५ | • अधिकांश सार्वजनिक संस्थानहरु स्थापनाको उद्देश्य अनुरुप जनतालाई सेवा दिन सफल तुल्याउन तथा सार्वजनिक संस्थानहरुको, सञ्चालन र अनुगमनलाई सशक्त बनाउन उच्चस्तरीय सार्वजनिक प्रतिष्ठान व्यवस्थापन बोर्ड गठन गर्ने । | • निर्देशन बोर्ड गठन सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६८/०८/१२ मा सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन आदेश), २०६८ संशोधन सहित जारी भई उक्त आदेशको दफा ४(१) मा भएको व्यवस्था अनुसार बोर्डका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति भैसकेको छ । हाल काठमाण्डौं जिल्ला विकास समिति भवनमा सचिवालयको रुपमा रहेको बोर्डले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ । |
| ३५६ | • सबै सार्वजनिक संस्थानहरुमा प्रमुख कार्यकारी अधिकृत वा महाप्रवन्धकको नियुक्ति क्षमता, अनुभव, शैक्षिक योग्यता र संस्थानको सुधार योजनाको प्रस्तावको आधारमा खुला प्रतियोगिताद्वारा गर्ने । | • सार्वजनिक संस्थान निर्देशन बोर्डले कार्यकारी प्रमुख रिक्त रहेको सार्वजनिक संस्थानको नियुक्तिको प्रयोजनार्थ प्रथम चरणमा नेपाल विद्युत प्राधिकरण, कर्मचारी संचयकोष, नेपाल आयल निगम तथा नेपाल वायु सेवा निगममा कार्यकारी प्रमुख पदको बिज्ञापन गरिसकेको छ । कार्य सम्पादन, सम्झौता, |

| | | |
|---|---|---|
| | • खुला प्रतियोगिताको आधारमा नियुक्ति हुने पदाधिकारीहरुसँग कार्यसम्पादन सम्झौता गर्ने । <br>• कार्यसम्पादन सूचकाङ्कको आधारमा हरेक वर्ष निजहरुको कामको मूल्याङ्कन गरी सेवाको निरन्तरता दिने नदिने बारेमा निर्णय गर्ने । | सेवाको नविकरण लगायतका विषयमा गठन आदेशमा व्यवस्था भए बमोजिम कार्यान्वयन गरिनेछ । |
| ३५७ | • सार्वजनिक संस्थानको शेयर सर्वसाधारणमा विनिवेश गर्दै जाने नीतिलाई कार्यान्वयनमा ल्याईनेछ । | • निजीकरण समितिको ८० औं बैठकको निर्णय अनुसार कृषि विकास बैंक लिमिटेडको कम्तिमा ३०% साधारण शेयर विनिवेश गर्ने सम्बन्धमा कृषि विकास बैंक विनिवेश प्राविधिक उप समिति गठन भएको छ । उक्त उप समितिलाई ६ (छ) महिनाभित्र कार्य सम्पन्न गर्न तोकिएको छ । कृषि तथा सहकारी मन्त्रालयले कृषि आयोजना सेवा केन्द्रले गर्दै आईरहेको भुमिकाको वैकल्पिक संयन्त्रको व्यवस्थापन गर्ने गरी उक्त केन्द्रको स्वेच्छिक खारेजिको कानूनी प्रकृया अगाडि बढाउने सैद्धान्तिक सहमति प्रदान गरिएको छ । साथै नेपाल टेलिकममा रणनीतिक साझेदार भित्र्याउने विधि र प्रक्रिया सिफारिस गर्न अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरी समितिले काम शुरु गरिसकेको छ । |

**आर्थिक कार्य विषयक तथा नीति विश्लेषण महाशाखा**

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ६१ | • मासुमा आत्मनिर्भर हुने अठोटका साथ प्रारम्भ गरिएको मासुमा आत्मनिर्भर कार्यक्रम संचालन गर्ने <br>• पशुपालक र माछापालक कृषकहरुलाई साना किसान सहकारी संस्था मार्फत सहुलियत व्याजदरमा ऋण सुविधा उपलब्ध गराउने । <br>• बाली तथा पशु वीमा गर्दा लाग्ने प्रिमियमको ५०% रकम अनुदान दिने । | • मासुमा आत्मनिर्भर कार्यक्रमका लागि रु. १ अर्व ५० करोड निकासा भएको । <br>• निकासा भएको रकम मध्ये विभिन्न साना किसान सहकारीहरुलाई रु. १ अर्व ४० करोड लगानी भएको । <br>• बाली तथा पशु वीमा प्रिमियमको कूल वजेट रु. ७ करोड मध्ये रु. ४ करोड १२ लाख ५० हजार अनुदान दिईएको । |
| २२० | • बैंक तथा वित्तीय सस्थाहरु प्रति विश्वासको वातावरण सुदृढ बनाउन संस्थागत सुशासन कायम गर्दै तरलता व्यवस्थापन, पूँजीबजारको सुधार, बैंक तथा वित्तीय संस्थाहरुको सन्तुलित विस्तार र वित्तीय अपराध नियन्त्रणका कार्यहरु अघि बढाइनेछ । <br><br>• सरकारको संलग्नता भएका बैंक तथा वित्तीय संस्थाहरुको पूनर्संरचना तथा आवश्यक पूँजीकरण गरिने छ । | • हाल रु. ५२ अर्व तरलता रहेको । <br>• नेपाल राष्ट्र बैक तथा धितोपत्र वोर्डलाई नौ वुँदे निर्देशन दिईएको र त्यस पछि पूँजी बजार सुधारको क्रममा रहेको । <br>• वित्तीय अपराध नियन्त्रणका लागि AML Strategy तयार गरी केही नयाँ कानून समेत लागु गरिएको । <br>• राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडबाट पेश भएको पूँजी कोष बृद्धि योजना बमोजिम नेपाल सरकारले राष्ट्रिय वाणिज्य बैंकमा रु. ४ अर्व ३२ करोड ५३ लाख १० हजार र नेपाल बैंक लिमिटेडमा रु. १ अर्व ३९ करोड २४ लाख ४५ हजार शेयर लगानी गरेको छ । |
| २२१ | • नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड र बीमा समितिको क्षमता अभिवृद्धि गरी बैंक तथा वित्तीय संस्थाहरुको अनुगमन र सुपरीवेक्षणलाई प्रभावकारी तुल्याइनेछ । <br>• उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिलाई थप क्रियाशील बनाइनेछ । | • धितोपत्र बोर्डको क्षमता अभिवृद्धि सम्बन्धी काम भइरहेको तथा बीमा समितिमा कार्यकारी अधिकृत छनौट भएको र सुधार कार्य अघि बढाइएको । <br>• यस अवधिमा २२ पटक समितिको बैठक बसेको छ । यी वैठकहरुले वित्तीय क्षेत्रमा देखिएका संस्थागत सुशासनका समस्या र घरजग्गा व्यवसायको समस्या समाधान र पूँजी वजारको विकासका लागि आवश्यक रणनीति निर्माणका |

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | | विषयमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । बैंक तथा वित्तीय क्षेत्रमा देखिएका तरलता र त्यसको व्यवस्थापन, विद्युत तथा कृषि क्षेत्रमा गर्नु पर्ने अनिवार्य लगानी जस्ता विषयमा पनि नियामक निकायहरु बीच आवश्यक रणनीति निर्माण गर्न यो समितिको भूमिका महत्वपूर्ण रह्यो । |
| २२२ | • कुनै व्यक्ति, कम्पनी वा संस्थाले कुनै बैंक वा वित्तीय संस्थामा रु १० लाख वा सो भन्दा बढी निक्षेप राखेमा यस्तो रकम आतंकवाद, लागु पदार्थ कारोवार, मानव बेचबिखन र संगठित अपराध लगायतका अवैध स्रोतहरुबाट आर्जन भएको होइन भन्ने स्वघोषणाको नयाँ व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने । | • १० लाख भन्दा बढी जम्मा गर्दा अवैध श्रोत वाट आर्जन भएको होइन भनी घोषणा गराउन लगाइएको । |
| २२६ | • नेपाली मुलका विदेशी नागरिकलाई नेपाली धितोपत्रमा लगानी गर्ने व्यवस्था मिलाउन २०६८ कार्तिक भित्र नेपाल धितोपत्र बोर्डले आवश्यक कार्यविधि बनाउनेछ ।<br>• विश्व बैंकको प्राविधिक सहयोगमा तयार पारिएको पाँच वर्षीय पूँजीबजार विकास गुरुयोजना आगामी आर्थिक वर्षदेखि चरणबद्ध रुपमा लागु गरिने छ । | • नेपाली मुलका विदेशी नागरिकलाई नेपाली धितोपत्रमा लगानी गर्ने व्यवस्था मिलाउन नियमावली संसोधनको मस्यौदा तयार भएको । नियमावली स्वीकृत पछि कार्यविधि तयार गरिने ।<br>• विश्व बैंकको सहयोगमा पाँच वर्षे गुरुयोजना तयार भई सरोकारवालाहरुसंग छलफलको क्रममा रहेको । |
| २२७ | • वार्षिक रु. पाँच करोड भन्दा बढी कारोवार गर्ने ऋण तथा बचत सहकारी सस्थाको अनुगमन र सुपरिवेक्षण सहकारी विभागको समन्वयमा नेपाल राष्ट्र बैंकले गर्ने व्यवस्था लागु गरिने छ । | वार्षिक २५ करोड माथि कारोवार गर्ने ४१ वटा ऋण तथा वचत सहकारीको अनुगमन भएको छ । |
| २२८ | • वित्तीय क्षेत्र प्रतिको विश्वसनीयता बढाउन निक्षेप सुरक्षण गर्ने नीतिलाई "क" वर्गका बैंकहरुमा बिस्तार गरिने छ ।<br>• कानूनी र संरचनात्मक सुधार गरी निक्षेप सुरक्षण गर्ने निकायको क्षमता अभिवृद्धि गरिने छ ।<br>• अनिवार्य निक्षेप बीमाको रकम बढाई क्रमशः रु ५ लाख पुऱ्याइने छ । निक्षेप सुरक्षण निकायको पूँजी बढाउन रु ५० करोड थप लगानी गरिने छ । | • "क" वर्गका सवै ३२ वटा वाणिज्य बैङ्कहरु लगायत अन्य वर्गका बैंक तथा वित्तीय संस्थामा रहेको ब्यक्तिगत निक्षेप रु. २ लाखसम्मको सुरक्षण गरिएको ।<br>• Re-structure को काम भइरहेको छ ।<br>• २ लाख सम्मको निक्षेप रकमको वीमा भैसकेको छ । यस्तो निक्षेप वीमाको रकमलाई क्रमशः ५ लाख गर्ने सोच रहेको । निक्षेप तथा कर्जा सुरक्षण निगमको पुँजी वृद्धि गर्न ५० करोड लगानी भइसकेको छ ।<br>• निक्षेप सुरक्षण सम्बन्धी ऐन तर्जुमा भई कानून मन्त्रालयमा पठाइएकोमा उक्त मस्यौदा फिर्ता प्राप्त भएकाले थप छलफलको क्रममा रहेको । |
| २२९ | • बैंक तथा वित्तीय क्षेत्रबाट लिइएको कर्जा तोकिएको क्षेत्रमा लगानी नगरेर अन्य क्षेत्रमा लगानी गर्ने एवं कर्जा लिनका लागि उद्योग व्यवसाय दर्ता गर्ने र त्यसका आधारमा कर्जा लिई नियतबस ऋण नतिर्ने ऋणीहरुलाई कानूनको दायरामा ल्याउने । | नेपाल राष्ट्र बैंकबाट अनुगमन गर्ने कार्य शुरु भएको छ साथै त्यस्ता ऋणीका सम्बन्धमा अध्ययन गर्न टोली गठन भएको छ। |
| २३० | • लघुवित्त विकास बैंक र बचत तथा ऋण सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र बिस्तारको | लघु वित्त सम्वन्धी ऐनको मस्यौदा कानुन मन्त्रालयमा रहेको छ। |

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | लागि आवश्यक थप कानून आगामी आर्थिक वर्ष भित्र तर्जुमा गरिने छ। | |
| २३१ | • पूँजीबजारमा देखिएको गिराबटलाई ध्यानमा राखी संस्थागत लगानीकर्ता र सामूहिक लगानी कोष मार्फत गरिने लगानीलाई सहुलियत दिइनेछ।<br>• शेयर कारोवार वारेमा सर्वसधारणको आकर्षण वृद्धि गर्न विद्यालय, कलेज र गाउँ गाउँमा व्यापक प्रचार प्रसार गरिने छ। | • पूँजी बजारलाई क्रियाशील बनाउन Margin lending र शेयर खरिद रसिदको आधारमा ब्रोकरहरुको जमानीमा कर्जा लिन सक्ने व्यवस्था गरिएको।<br>• २ क्षेत्रमा गएर Regional Campaign गरिएको। |
| २३२ | • देशका प्रमुख शहरहरु र विदेशबाट समेत धितोपत्र कारोवार गर्न सकिने बनाउन धितोपत्रको विद्युतीय कारोवार शुरु गरिने छ।<br>• केन्द्रीय निक्षेप प्रणालीलाई कार्यान्वयनमा ल्याई सूचीकृत धितोपत्रहरुको कारोवारलाई स्वच्छ र सूचना प्रविधि मैत्री बनाइने छ। | • CDS लागु गर्ने कार्य अन्तिम चरणमा रहेको।<br>• CDS विनियमावली लागु भइसकेको भएता पनि केही विनियमहरुमा संशोधन गर्नु पर्ने देखिएकाले सोका लागि नेपाल धितोपत्र बोर्डमा प्रस्ताव पेश भएको र संशोधन प्रस्ताव वोर्डमा विचाराधिन रहेको। |
| २३३ | • क्षमता अभिवृद्धि गरी विश्वसनीय सेवा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई परस्पर गाभ्न प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकको सिफारिसमा रजिष्ट्रेसन शुल्कमा छुट दिने।<br>• सरकारी क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरु समेत सम्भाव्यताको आधारमा गाभ्ने कार्य अघि बढाउने। | • यस आर्थिक वर्षमा २ वाणिज्य बैंकमा ३ वित्त कम्पनी गाभिएका छन् भने ७ विकास बैंक र ५ वित्त कम्पनी एक आपसमा गाभिएर ६ विकास बैंक बनेका छन्। यसका अतिरिक्त १ विकास बैंक र ५ वित्त कम्पनीलाई एक आपसमा गाभिएर एक विकास बैंक र २ वित्त कम्पनी बन्ने सैद्धान्तिक सहमती दिइएको।<br>• नेपाल वैंक लि. र कृषि विकास वैंक जस्ता वाणिज्य वैंकमा रहेको सरकारी स्वामित्व कम गर्ने नीति अनुसार strategic partner को खोजी गर्ने प्रारम्भिक कार्य शुरु भएको छ। |
| २३४ | आर्थिक गतिविधिहरुमा हुने अपराध नियन्त्रण गरी अर्थतन्त्रलाई सही बाटोमा लैजान आवश्यक पर्ने कानूनी तथा संस्थागत व्यवस्थामा थप सुधार गरी सम्पत्ति शुद्धिकरण ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। | • ३ वटा आधारभूत तालिम सम्पन्न गरिएको।<br>• ऐन नियम संगालो प्रकाशन भएको।<br>• O & M सर्भेको 50% काम सम्पन्न भएको।<br>• सम्पत्ति शुद्धिकरण ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र आर्थिक गतिविधिहरुमा हुने अपराध नियन्त्रणको लागि सपुर्दगी अध्यादेश, २०६९ र पारस्परिक कानूनी सहायता सम्वन्धी अध्यादेश, २०६९ जारी गरी लागु गरिएको। |
| २३५ | • लघुवित्त संस्थाहरुबाट हुने कारोवारको दायरा फराकिलो पारी गरीब तथा विपन्नवर्गमा जाने कर्जामा सहुलियत व्याजदरको व्यवस्था गरिने छ।<br>• छुट्टै लघुवित्त कोषको स्थापना गर्ने कार्य अगाडि बढाइने छ। | • लघुवित्त ऐनको मस्यौदा तयार भएको छ।<br>• ऐन लागु भएपछि छुट्टै लधु वित्त कोषको स्थापनाको कार्य अगाडि बढाइने छ। |
| २३६ | • आकस्मिक बीमा कोषको पुनःसंरचना गरी पुनर्वीमा व्यवसाय गर्न आवश्यक पूर्वाधार तयार गरी कम्पनीमा परिणत गरिने छ। | आकस्मिक वीमा सम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको। कोषमा प्रबन्धक नियुक्तिको ढिलाईको कारणले कम्पनीमा परिणत गर्ने कार्य सम्पन्न हुन नसकेकोमा निजको नियुक्ति पछि पुनरवीमा कम्पनीमा परिवर्तन गर्ने काम अगाडि बढाइएको । |
| २३७ | • बीमा सेवालाई दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आय वर्गसम्म पुर्‍याउने उद्देश्यका लागि यो वर्ष केही पहाडी जिल्लाहरुमा परीक्षणको रुपमा लघु बीमा कार्यक्रम प्रारम्भ गरिने छ। | • लघु वीमाका लागि ६ वटा Products को पहिचान भएको,<br>• लघुवीमा कोषलाई व्यवस्थित गर्न नियमावली बनाउन आवश्यक भएकोले मस्यौदा तयारीको क्रममा रहेको। |

## वैदेशिक सहायता समन्वय महाशाखा

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३५१ | • राष्ट्रिय प्राथमिकताका क्षेत्र र कार्यक्रममा मात्र वैदेशिक सहायताको परिचालन तथा उपयोग गर्ने ।<br>• वैदेशिक सहायताको उपयोग गर्ने क्षमता बढाउनका अतिरिक्त सहायता परिचालनलाई समन्वयात्मक, पारदर्शी तथा जवाफदेहीपूर्ण बनाउन सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेट तथा अन्य सरकारी प्रणाली भित्र ल्याउन आवश्यक संस्थागत तथा नीतिगत ब्यवस्था गर्ने । | • राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र र कार्यक्रममा खर्च भएको छ ।<br>• वैदेशिक सहायता प्राप्ती र उपयोगलाई प्रभावकारी बनाउन सक्षम संस्थागत व्यवस्थाको लागि Debt Management Office स्थापना गर्ने सम्बन्धमा प्रतिवेदन पेश भई अध्ययनको क्रममा रहेको छ । |
| ३५२ | • वैदेशिक सहायतामा कार्यान्वयन गरिने आयोजनाहरुको बजेट निकासालाई आयोजनाले गरेको खर्च, कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तीय तथा लेखापरीक्षण प्रतिवेदन सम्बन्धी कार्यसम्पादन गरे नगरेको पक्षसँग आवद्ध गरिनेछ । | • दातृनिकायसंग समन्वय गरी अनुगमन गर्ने काम भएको । निकासालाई कार्य सम्पादनसंग आवद्ध गर्ने गरिएको । |
| ३५३ | • द्विपक्षीय, बहुपक्षीय र अन्तर सरकारीस्तरमा सम्झौता भई नेपालका लागि छुट्याइएको आर्थिक सहायता अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत परिचालन हुने ब्यवस्थाको अन्त्य गर्ने । | • द्विपक्षीय, बहुपक्षीय र अन्तर सरकारीस्तरमा सम्झौता भई नेपालका लागि छुट्याइएको आर्थिक सहायता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत परिचालन हुने ब्यवस्थाको अन्त्य गर्न निरन्तर प्रयास भईरहेको छ । यसबाट सकारात्मक नतिजा प्राप्त भएको छ । |

## राजस्व महाशाखा

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३८२ | **राजस्वको दायरा विस्तार गर्ने** | |
| (ख) | नेपालीमा आफ्नो सम्पत्ति वा जायजेथाको स्रोत र प्रयोजनको अभिलेख राख्ने बानी विकास भैनसकेको अवस्थामा यो समस्यालाई सदाकोलागि निराकरण गर्न सम्पत्ति कर ऐनको ब्यवस्था गरी ब्यक्ति, परिवार वा कम्पनीले नेपाल सरकार आन्तरिक राजस्व कार्यालयहरुमा आफ्नै स्वामित्वमा रहेको घरजग्गा, गरगहना, नगद, बैंक–वित्तीय संस्थामा रहेको निक्षेप, कसैलाई दिएको सापटी, शेयर–डिवेन्चरमा गरेको लगानी र सवारी साधन लगायतका सम्पूर्ण चल अचल सम्पत्तिको निश्चित प्रतिशत कर तिरी स्वघोषणा गर्ने ब्यवस्था मिलाइनेछ । कर प्रयोजनको लागि बाहेक सम्पत्ति सम्बन्धी यस्तो जानकारी अत्यन्त गोप्य राखिनेछ । आर्थिक वर्ष २०६९।७० देखि | सो सम्बन्धी अध्ययन गरी Modality तयार गरी पेश गर्न कार्यदल गठन भई काम शुरु गरिसकेको छ । |

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | लागु हुनेगरी यस स्वघोषणालाई करको आधारको रुपमा लिइनेछ । यसरी सम्पत्तीको स्वघोषणाबाट प्राप्त राजस्वलाई मुलुकको ऊर्जा संकट समाधान गर्न जलविद्युत परियोजनामा विनियोजन गर्ने ब्यवस्था मिलाइनेछ । | |
| (छ) | राजस्व संकलनमा गैर करको योगदान बढाउन अन्तर निकाय समन्वय गरी गैर करका वर्तमान दरहरु, प्रदान गरीने सेवाको लागत, लगानी र असूलीको सिद्धान्त समेतका आधारमा पुनरावलोकन गरिनेछ । | वन तथ भू-संरक्षण मन्त्रालय,रक्षा मन्त्रालय,सूचना तथा संचार मन्त्रालय र गृह मन्त्रालयले गैरकरका दरहरु पुनरावलोकनको लागि पेश गरेकोमा स्वीकृति दिइएको छ । |
| ३८३ | कर सहुलियत तथा सुविधामा वृद्धि | |
| (घ) | अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर र सडक निर्माण तथा संभार दस्तुर नलाग्ने व्यवस्था गरेको छु । त्यसैगरी विद्युत, सोलार एवं व्याट्रीबाट चल्ने सवारी साधनमा लाग्ने सडक निर्माण तथा संभार दस्तुरमा पचास प्रतिशत छुट हुने व्यवस्था गरको छु । | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| (ङ) | दमकल तथा शववाहनमा सवारी साधन कर नलाग्ने व्यवस्था गरेको छु । | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| (च) | वैदेशिक रोजगारमा गएका कामदारहरुको रोजगारीको सिलसिलामा मृत्यु भएको अवस्थामा भुक्तानी हुने वीमा रकममा लाग्दै आएको आयकर वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड मार्फत सोधभर्ना हुने व्यवस्था मिलाएको छु । | सोधभर्ना दिने व्यवस्था मिलाइएको छ । हालसम्म माग भइ नआएकोले सोधभर्ना दिन सकिएको छैन । |
| (ज) | भूमिमा महिलाको स्वामित्व वढाउने उद्देश्यले हिमाली क्षेत्रका ताप्लेजुङ्ग, सोलुखुम्वु, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, बझाङ्ग र दार्चुला जिल्लाका सदरमुकाम वाहेकका गाउँ विकास समितिहरु र संखुवासभा, दोलखा, धादिङ्ग, सिन्धुपाल्चोक र गोरखाका केही दुर्गम गा.वि.स.हरुमा महिलाको नाममा घर जग्गाको रजिष्ट्रेशन पारित गर्दा लिखतमा लाग्ने दस्तुरमा ४० प्रतिशत छुट दिने व्यवस्था गरेको छु । | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| (झ) | हाल पतिको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पत्नी समेतको नाममा संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा एक सय रुपैया मात्र रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरेको छु । | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| ३८६ | राजस्व प्रशासनमा गरिने सुधार | |

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| (क) | राजस्व प्रशासनलाई स्वायत्त र प्रभावकारी बनाउन केन्द्रीय राजस्व बोर्ड गठन गरिनेछ। | ऐनको मस्यौदा वनाई कानून मन्त्रालयमा पठाइएकोमा केही विषयमा थप छलफल गर्नु पर्ने देखिएकोले छलफलको क्रममा रहेको। |
| (ख) | विगत चार वर्षदेखि राजस्व प्रशासनमा लागु गरिएको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीवाट राजस्व संकलनमा वृद्धि भएको, कार्य सम्पादनस्तरमा गुणात्मकता आएको, समूहमा काम गर्ने कार्य संस्कृतिको विकास भएको र सेवाग्राही प्रतिको दायित्व वोध समेत बढ्दै गएकोले यस प्रणालीका परिसूचकहरुलाई थप बैज्ञानिक तुल्याउने गरी निरन्तरता दिएको छ। | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको। |
| (ग) | राजस्व छुट सुविधा उपलव्ध गराउँदा त्यसको उपयोग, सर्बसाधारणमा पर्ने प्रभाव, एवं अनुगमनको संयन्त्र समेतलाई ध्यानमा राखी दुरुपयोग नहुने गरी निश्चित मापदण्डको आधारमा मात्र छुट दिने गरी राजस्व छुट नीतिमा समयानुकूल परिमार्जन गरिनेछ। | • आर्थिक ऐन, २०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको।<br>• राजस्व छुट नीति सम्बन्धि छुट्टै कार्यविधिको निर्माण भईरहेको छ। |
| (छ) | अन्तःशुल्क राजस्वको योगदानलाई दृष्टिगत गरी यसको छुट्टै संगठनात्मक संरचना मार्फत प्रशासन गरी राजस्व संकलनमा अभिवृद्धि गर्न यस आर्थिक बर्षमा छुट्टै अन्तःशुल्क विभाग स्थापना गरिनेछ। | अन्तःशुल्क राजस्वको योगदानलाई दृष्टिगत गरी यसको छुट्टै संगठनात्मक संरचना मार्फत प्रशासन गरी राजस्व संकलनमा अभिवृद्धि गर्न छुट्टै अन्तःशुल्क विभाग स्थापना गर्ने सम्वन्धमा अध्ययन भै प्रतिवेदन पेश भएको। |

## महालेखा नियन्त्रक कार्यालय

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३४२ | • चालु आर्थिक वर्षदेखि व्यवस्था गरिएको बैशाखदेखि असारसम्म बार्षिक विनियोजनको ४० प्रतिशत र असार महिनामा बार्षिक विनियोजनको २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाउने व्यवस्थालाई निरन्तरता दिने।<br>• सुदूर र मध्य पश्चिम क्षेत्रमा विनियोजन भएको बजेट अन्य क्षेत्रमा रकमान्तर गर्न निषेध गरिएको व्यवस्था कायम राख्ने<br>• सार्वजनिक साधन स्रोतको दुरूपयोग नियन्त्रण, ढिलासुस्तीको अन्त्य र तत्काल प्रतिफल दिने गरी सार्वजनिक खर्च व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने। | • उपरोक्त अनुसार मात्र हुने गरी मात्र निकासा/फुकुवा/सोधभर्ना हुने व्यवस्था गर्न सम्बन्धित निकायहरुलाई निर्देशन भई केही व्यावहारिक कठिनाई विचार गरी अन्यको हकमा कार्यान्वयन भएको।<br>• सो व्यवस्थालाई निरन्तरता दिइएको।<br>• सार्वजनिक खर्च व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन विभिन्न उपायहरुको अवलम्बन गरिएको र थप प्रयास जारी राखिएको छ। |

| | | |
|---|---|---|
| ३५० | कोष प्रणालीको आधुनिक ढाँचा अवलम्बन गरी चालू आर्थिक वर्षको अन्त्यसम्ममा २२ जिल्लामा कार्यान्वयनमा आएको एकल खाता कोष प्रणालीलाई आगामी दुई वर्षभित्र सबै जिल्लाहरुमा लागु गर्ने । | काठमाडौं लगायत कुल ६० जिल्लामा एकल कोष खाता प्रणाली लागु भएको । |

## आन्तरिक राजस्व विभाग

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३८२ | **राजस्वको दायरा विस्तार गर्ने** | |
| (क) | चालू आर्थिक वर्षलाई "**कर कार्यान्वयन अभियान वर्ष**" को रुपमा कार्यान्वयन गरिदा करको दायरामा वृद्धि भएको, कर कानूनको परिपालनामा सजगता आएको, पुराना बक्यौताको कानूनी कारवाही एवं असूलीमा प्रभावकारिता देखिएको र राजस्व परिचालनमा समेत सकारात्मक प्रभाव परेको हुंदा आर्थिक वर्ष २०६८/६९ लाई पनि "**कर कार्यान्वयन अभियान वर्ष**" को रुपमा निरन्तरता दिइनेछ । | कर कार्यान्वयन अभियान वर्षको कार्यक्रम पुस्तिका ०६८ भाद्र महिनामा तयार गरी कार्यान्वयन गरिएको । |
| (घ) | स्वास्थ्यका लागि हानिकारक मदिरा, वियर, चुरोट तथा सुर्तिजन्य वस्तुको उपभोगलाई निरुत्साहित गर्न अन्तःशुल्कको दरमा केही वृद्धि गरेको छु | स्वास्थ्यका लागि हानिकारक मदिरा, वियर, चुरोट तथा सुर्तिजन्य वस्तुको उपभोगलाई निरुत्साहित गर्न अन्तःशुल्कको दरमा वृद्धि गरी आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| (ङ) | घर जग्गाको किनबेचमा रजिष्ट्रेशन लिखत पारित गर्ने सन्दर्भमा लेखापढी सम्बन्धी कार्य गर्ने व्यक्तिहरुको सेवालाई व्यवसायिक र मर्यादित बनाउन स्थायी लेखा नम्बर लिएका व्यक्तिहरुले मात्र रजिष्ट्रेसन सम्बन्धी लेखापढी गर्न पाउने व्यवस्था गरिनेछ । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत परेकोले सो विषयमा छलफल गरी घर जग्गा रजिष्ट्रेशन सम्बन्धी लेखापढी गर्ने व्यक्ति वा संस्थालाई स्थायी लेखा नम्बर लिन अनिवार्य गरिएको । |
| (च) | लामो समयदेखि बांकी रहेका बक्यौतालाई असुली गर्न यस्ता बक्यौता रकमलाई रकम र वर्षको आधारमा तालिकीकरण गरी असुलीका लागि विशेष अभियान संचालन गरिनेछ । | • वक्यौतालाई समय र रकमको आधारमा वर्गिकरण गरिएको ।<br>• वक्यौता अभिलेख अद्यावधिक गरिएको ।<br>• वक्यौता असुलीमा कडाई गरिएको फलस्वरुप आयकर तर्फ रु.८८ करोड ४९ लाख ८३ हजार र मूल्य अभिवृद्धि कर तर्फ रु.१ अर्व ४९ करोड ५१ लाख ४५ हजार वक्यौता असुली भएको । |
| ३८३ | कर सहुलियत तथा सुविधामा वृद्धि | |
| (ग) | जुट उद्योगले पैठारी गर्ने स्पयेयर पार्ट्स लगायतका सामाग्रीहरुमा मूल्य अभिवृद्धि कर छुट दिने प्रस्ताव गरेको छु । | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| (छ) | घर जग्गाको विक्रीबाट हुने आम्दानीमा लाग्दै आएको | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | पूँजीगत लाभकर पचास प्रतिशतले घटाएको छ । साथै धितोपत्र वोर्डमा सूचीकरण भएका निकायको शेयर खरिद विक्रीमा कट्टा गरिने पूँजीगत लाभ कर निकायको हकमा पन्ध्र प्रतिशतबाट दशमा र व्यक्तिको हकमा दश प्रतिशतबाट पाँचमा झारेको छु । | |
| ३८४ | **निजी क्षेत्रको प्रवर्द्धन एवं व्यवसायिक लागत घटाउने** | |
| क. | विक्रम सम्बत २०७१ भाद्र ७ गते भित्र निर्माण प्रारम्भ गर्ने जलविद्युत आयोजनाले सम्वत् २०७५ साल चैत्र महिनासम्म व्यापारिक रुपमा जलविद्युतको उत्पादन सुरु गरेमा पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यसपछिको पांच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था मिलाएको छु । | आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको । |
| ख. | एकआपसमा गाभिन चाहने बैंक तथा वित्तीय संस्थालाई आशय पत्र बुझाउने समय २०६९ कार्तिकसम्मको लागि थप गर्ने गरी प्रस्ताव गरिएको छ । गाभिने वित्तीय संस्थाहरुले सो प्रयोजनका लागि घरजग्गाको रजिष्ट्रेशन पारित गर्दा लिखतमा लाग्ने दस्तुर छुट दिएको छु । | बैंक तथा वित्तीय संस्थाहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, सक्षम बनाउन र सर्वसाधारणको विश्वसनियता कायम गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्थालाई सरलीकरण गरी अघि बढाइएको छ । यसलाई व्यवस्थित गर्न **"बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८"** लागु भएको छ । हालसम्म २३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक अर्कामा गाभिइसकेका र थप बैंक तथा वित्तीय संस्थाहरु गाभिने क्रममा रहेका छन् । |
| ग | कर संकलन पद्धतिमा सुधारको लागि करदाताहरुले तिर्नुपर्ने कर आफु नजिक रहेको बैंक बाट तिर्नपाउने व्यवस्था गर्न राजस्व खाता संचालन गर्ने बैंकहरुको जुनसुकै शाखाहरुमा राजस्व जम्मा गर्न पाउने व्यवस्था गरिनेछ । | करदातालाई कर बुझाउनको लागि कुनै पनि बैंकको शाखामा बुझाउन पाउने व्यवस्था (Any Branch Banking System) लागु गरिएको छ । यसबाट करदाताहरुले आफ्नो पायक पर्ने स्थानबाटै कर बुझाउन सक्ने भई व्यापारमा सहजीकरण हुने, कर तिर्न लाग्ने समय कम हुने र व्यापार लागत (Doing Business cost) समेत कम हुन जाने छ । |
| ३८५ | **राजस्व चुहावट एवं चोरी पैठारी नियन्त्रण** | |
| (क) | मूल्य अभिवृद्धि कर प्रणाली आफैँमा वैज्ञानिक, पारदर्शी, व्यापक दायरा भएको, स्वयम् कर निर्धारण प्रणालीमा आधारित र लगानी मैत्री भएता पनि झुठ्ा एवं नक्कली विल विजकको प्रयोग गरी कर छल्ने प्रवृत्ति बढ्दै गएको पाइएकोले यस्तो कार्यमा संलग्न हुने र सघाऊ पुऱ्याउने दुवै पक्षलाई कारवाही गर्ने गरी विद्यमान कानूनी व्यवस्थामा परिमार्जन गरेको छु । झुठ्ा तथा नक्कली विल विजक सम्बन्धी अनुसन्धान प्रक्रियामा रहेका बाँकी | • आर्थिक ऐनमा मूल्य अभिवृद्धि करमा दर्ता गरी Computer Billing स्वीकृती लिएका करदाताले तोकिए बमोजिम बिल जारी गरेको नपाइएमा रु.५ लाख जरिवाना गर्ने व्यवस्था भएको ।<br>• गत वर्ष थालनी गरिएको नक्कली तथा झुठ्ठा मूल्य अभिवृद्धि कर वीजक प्रयोग सम्बन्धी ५१८ संकास्पद करदाताको कारोवार छानविन सम्पन्न भएको छ । जसवाट रु.६ अर्व ५९ करोड ५७ लाख रकम कर निर्धारण भएको छ ।<br>• आयकरको डे.१ विवरण बुझाउने करदाताहरुको कारोवार भिडाउँदा खरिद र विक्रीको कारोवार नभिडेका |

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | करदाताहरुको अनुसन्धान शीघ्र सम्पन्न गरिनेछ। | संकास्पद करदाताहरुको पहिचान गरी आन्तरिक राजस्व विभाग मार्फत छानविन अगाडी बढाइएको छ। यसबाट करको परिपालनामा महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ। |
| (ख) | करको दायरामा नआउने वा आएर पनि न्यून सहभागिता जनाउने वा कर दायित्व पालना नगर्ने करदातामाथि कानून बमोजिम समुचित अनुसन्धान र कारवाही गरिनेछ। | • अनुसन्धान कार्यलाई प्रभावकारी वनाइएको फलस्वरुप १२२३ वटा करदाताको अनुसन्धान सम्पन्न गरी रु. ६ अर्व ३४ करोड २९ लाख ४५ हजार कर निर्धारण गरिएको।<br>• एकीकृत वजार अनुगमन कार्यक्रम अन्तर्गत ६१५७ करदाताको अनुगमन भई ८१२ करदातालाई रु. ५५,९६,०००।०० जरिवाना गरिएको। |
| (ग) | राजस्व समयमा नबुझाउने एवं तिर्न बुझाउन तर ताकेता गर्दा समेत अटेर गर्नेलाई निरुत्साहित गर्न तत्काल राजस्व असुल नगरे पछि असुल हुन सक्ने अवस्था नरहने भएमा त्यस्ता व्यक्तिसंग धरौटी माग गर्ने र सो नबुझाएमा थुनामा राख्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ। | • आर्थिक ऐन,२०६८ लागु हुनासाथ कार्यान्वयनमा आएको। |
| (घ) | मूल्य अभिवृद्धि कर विवरण विद्युतीय माध्यमवाट लिँदा एक लाख रुपैयाँ भन्दा माथिको स्थानीय खरिद र विक्रीको विवरण लिने गरी ठूला करदाता कार्यालयवाट यसको थालनी गरिनेछ। | • प्रस्तुत व्यवस्थाको थालनी ठूला करदाता कार्यालयबाट गरिएको र क्रमश अन्य कार्यालयमा पनि थालनी गरिने छ। |
| (ङ) | अन्तःशुल्क राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न यसै आर्थिक वर्षदेखि वियर, मदिरा र चुरोटमा नयाँ ढाँचामा सुरक्षण विधि अनुरुप छपाई भएका गुणस्तरीय सुरक्षणयुक्त स्टीकरहरु प्रयोगमा ल्याइनेछ। साथै नक्कली अन्तःशुल्क स्टीकरको प्रयोगलाई निरुत्साहित गराउन कडा कानूनी व्यवस्था मिलाएको छु। | • उच्च सुरक्षायुक्त स्टिकर छपाई गरी प्रयोगमा ल्याइएको। |
| (च) | मदिरा, वियर र चुरोट उद्योग र तिनका विक्रेताहरुले कुनै पनि प्रकारका उपहार कार्यक्रमहरू संचालन गर्न नपाइने र त्यस्ता उद्योगहरूले मूल्य अभिवृद्धि करमा दर्ता भएका वाहेक अन्य बिक्रेतालाई त्यस्तो उत्पादन बिक्री गर्दा छुट समेत दिन नपाइने व्यवस्था प्रस्ताव गरको छु। | • आर्थिक ऐन, २०६८ बाट नै सो व्यवस्था गरी कार्यान्वयन भएको।<br>• सो व्यवस्थाको सम्बन्धमा सम्बन्धित सबै उद्योग र व्यापारीहरुलाई जानकारी गराइएको।<br>• सो बमोजिम भए नभएको सम्बन्धमा विभाग एवं कार्यालयहरुबाट समय समयमा अनुगमन गर्ने गरिएको। |
| ३८६ | **राजस्व प्रशासनमा गरिने सुधार** | |
| (घ) | करदाता सेवालाई थप विस्तार गरी प्रभावकारी बनाउन आगामी बर्षमा काठमाडौं उपत्यका वाहिर थप १३ वटा करदाता सेवा कार्यालय स्थापना गरी संचालनमा ल्याइनेछ। | • काठमाडौं उपत्यका वाहिर १० वटा करदाता सेवा कार्यालयहरु स्थापना भईसकेको र थप ५ वटा करदाता सेवा कार्यालय स्थापना गर्ने कार्य अन्तिम चरणमा रहेको छ। यसबाट करदाता सेवालाई सरल, सहज र प्रभावकारी बनाउन थप मद्दत पुगेको छ। |
| (च) | विद्यमान आयकर निर्देशिकालाई समयानुकूल परिमार्जन गरिनुका साथै अन्तःशुल्क तथा मू.अ.क. निर्देशिका समेत तयार गरी कार्यान्वयनमा ल्याइनेछ | • आयकर निर्देशिका समयानुकूल परिमार्जन गरिसकिएको, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको। यसबाट कार्य संचालनमा सहजता आई करदातालाई सरल र प्रभावकारी सेवा |

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | | प्रदान गर्न सकिएको । |

**भन्सार विभाग**

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| ३८२ | **राजस्वको दायरा विस्तार गर्ने** | |
| (ग) | भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउन र न्यून विजकीकरणलाई निरुत्साहित गर्न पैठारी हुने मालवस्तुहरुको भन्सार विन्दुमै अधिकतम खुद्रा मूल्य घोषणा गर्नुपर्ने गरी तोक्न सक्ने व्यवस्था गरेको छु। | अधिकतम खुद्रा विक्री मूल्य (MRP) घोषणा गर्ने सम्बन्धमा ११ वटा मालवस्तुको पहिचान गरिएको र पैठारीकर्ताहरुले नेपालमा विक्री गरिने अधिकतम खुद्रा विक्री मूल्य पैठारीकै अवस्थामा सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य घोषणा गर्नुपर्ने व्यवस्था लागु भएको । |
| ३८३ | कर सहुलियत तथा सुविधामा वृद्धि | |
| (क) | सहकारीबाट संचालित गोलभेडाबाट केचप उत्पादन गर्ने उद्योगहरुले आयात गर्ने मिल मेसिनरी एवं यन्त्रउपकरणहरुमा कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा भन्सार महसुल छुट दिने व्यवस्था मिलाएको छु। | यस विषयको कार्यविधि तयार पारी तत्कालै (वजेटकै सन्दर्भमा) कार्यालयहरुमा पठाइसकिएको । |
| (ख) | वैदेशिक रोजगारबाट फर्केका नेपाली यात्रुहरुले विदेशबाट आउँदा ल्याउने एल.सी.डी., प्लाज्मा वा एल.ई.डी. टेलिभिजनमा समदरमा लाग्ने हालको महसुल दर घटाएको छु। | यस विषयको कार्यविधि तयार पारी तत्कालै (वजेटकै सन्दर्भमा) कार्यालयहरुमा पठाइसकिएको । |
| (ञ) | स्वरोजगार सृजना गर्न मद्दत पुऱ्याउने लुगा सिउने कलमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने गरी छुट दिने व्यवस्था गरेको छु। | यस विषयको तयार पारी तत्कालै (वजेटकै सन्दर्भमा) कार्यालयहरुमा पठाइसकिएको । |
| ३८४ | **निजी क्षेत्रको प्रवर्द्धन एवं व्यवसायिक लागत घटाउने** | |
| घ) | भन्सार जाँचपास प्रणालीमा लागु गरिएको जोखिम व्यवस्थापनमा आधारित छनौट प्रणालीलाई थप भन्सार कार्यालयहरुमा विस्तार गर्दै जाँचपास प्रक्रियालाई छिटो छरितो तुल्याउने र जाँचपास पछिको परीक्षणबाट नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ। | मेची भन्सार कार्यालय झापामा जोखिम व्यवस्थापनमा आधारित छनौट प्रणाली लागु गरिएको । |
| (ङ) | भन्सार क्षेत्रको व्यापारिक छललाई निरुत्साहित गर्ने र व्यापार व्यवसायमा सदाचारिता र इमान्दारिताको कदर गर्ने परिपाटी शुरु गर्न स्वच्छ व्यवसायीको पहिचान गरी सम्मान गरिने नीति अवलम्वन गरिनेछ। | हाल स्थगन गरिएको । |
| ३८५ | **राजस्व चुहावट एवं चोरी पैठारी नियन्त्रण** | |
| (छ) | भन्सारमा हुने न्यून विजकीकरण कार्यलाई निरुत्साहित गर्न न्यून विजकीकरण भइ आउने मालवस्तु खरिद गर्न पर्याप्त बजेट विनियोजन गरेको छु। न्यून विजकीकरण भएका सामान खरिद पश्चात | • न्यून विजकीकरण भई आउने मालवस्तु खरिद गर्न बजेट निकासाको व्यवस्था भएको छ।<br>• कार्यालयबाट वजेट माग नभएकोले सामान खरिद नभएको । |

| बजेट बक्तव्यको बुदा न. | नीति तथा कार्यक्रमको व्यहोरा | वार्षिक प्रगति |
|---|---|---|
| | बिक्री गर्ने उपयुक्त संस्थागत व्यवस्था मिलाई प्रतिक्रिया सरलीकरण गरिनेछ । | • संस्थागन संरचनाको अध्ययन शुरु भएको । |
| (ञ) | अवैध तथा विचलन हुने व्यापारलाई न्यूनीकरण गर्न आगामी आर्थिक वर्षको मंसिर भित्र आयात परिचयपत्र सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ । | यस सम्बन्धमा कार्यविधिको प्रारम्भिक छलफल वाणिज्य विभागमा सम्पन्न भएको । |
| ३८६ | **राजस्व प्रशासनमा गरिने सुधार** | |
| (ज) | वीरगञ्जको अलौमा मित्रराष्ट्र भारत सरकारको सहयोगमा एकीकृत जाँच चौकी निर्माण कार्य प्रारम्भ भई सकेकोछ । विराटनगर, भैरहवा र नेपालगञ्जमा समेत एकीकृत जाँच चौकी निर्माण सम्बन्धी प्रक्रिया थालनी भई सकेकोले आगामी दिनमा यी नाकाहरुमा भन्सार, अध्यागमन, सीमा सुरक्षा, क्वारेन्टाईन, बैंक लगायतका सुविधाहरु एकै थलोबाट उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । | • नेपाल भारत सिमामा क्रमश विराटनगर, वीरगंज, भैरहवा, नेपालगन्जमा निर्माण हुने एकिकृत जाँच चौकी सञ्चालनमा ल्याउन ICP Project Steering Committee बाट भन्सार विभागका महानिर्देशकको संयोजकत्वमा गठित कार्यदलको वैठक २०६८।१२।३० मा सम्पन्न ।<br>• नेपाल–भारतको निर्माणाधिन वीरगंज एकीकृत जाँचचौकी २०६९ बैशाख ११ गते ICP Steering Committee बाट गठित कार्यदलबाट स्थलगत अवलोकन भ्रमण र अन्तरक्रिया गरी सो को सुझाव सहितको प्रतिवेदन ICP Steering Committee मा प्रस्तुत गरिएको । |
